# मोलुड ज्ञानप्रवाह

MF

# मोलुङ ज्ञानप्रवाह

(शिक्षाप्रधान मासिक)
पूर्णाङ्क २, २०७८ कार्तिक (२०२१ अक्टोबर -नोभेम्बर)

प्रधान सम्पादक : प्रा.डा. भूपप्रसाद धमला
प्रबन्ध सम्पादक : राजु काफ्ले
कार्यकारी सम्पादक : डा. ढुण्डिराज पहाडी
सम्पादक : खेमराज पोखरेल, डा. धनप्रसाद सुवेदी, इन्द्रप्रसाद अधिकारी, नारायणप्रसाद होमगाई, सुरेश हाचेकाली, शारदा बोगटी, इन्दु अंशु, जुनु उप्रेती
अतिथि सम्पादक : धीरकुमार श्रेष्ठ, विनोद दाहाल, चेतनाथ धमला

**विषय/विधागत सल्लाहकार :**

प्रा.डा. माधवप्रसाद पोखरेल (भाषा), प्रा.डा. गोविन्दराज भट्टराई (पाश्चात्य साहित्य), प्रा.डा. कुमारप्रसाद कोइराला (पूर्वीय साहित्य), डा. रमेश पोखरेल (कला), प्रा.डा.वीणा पौड्याल (कला-संस्कृति), डा. लाल श्याकारेलु रापचा (भाषा(संस्कृति), प्रा.डा. दीपक अर्याल (विज्ञान), प्रा.डा. प्रेमसागर चापागाई (समाज), प्रा.डा. बालचन्द्र लुइँटेल (शिक्षा), जीवनाथ धमला (सञ्चार)

**संस्थागत सल्लाहकार :**

प्रा.डा. ध्रुव घिमिरे (अध्यक्ष, बालसाहित्य समाज नेपाल), प्रा.डा. राजनप्रसाद पोखरेल (अध्यक्ष, सिर्जनशील लेखन समाज), कृष्ण बजगाई (अध्यक्ष, समकालीन साहित्य प्रतिष्ठान, बेलायत), धर्मानन्द गौतम (अध्यक्ष, अनेसास अस्टिन च्याप्टर, अमेरिका), शारदा पौडेल 'निशा' (अध्यक्ष, अनेसास स्पेन च्याप्टर)

| | |
|---|---|
| नाम | : मोलुङ ज्ञानप्रवाह |
| किसिम | : शिक्षाप्रधान मासिक |
| दर्ता | : काजिप्रका ४९२ |
| प्रकाशक | : मोलुङ फाउन्डेसन |
| मुद्रक | : डीडीएम प्रिन्टर्स |
| चित्राङ्कन | : राजेश मानन्धर |
| कम्प्युटर लेआउट | : राजकुमार अधिकारी |
| सञ्चार संयोजन | : सविन धमला |
| सर्वाधिकार | : प्रकाशकमा |
| मूल्य | : रु १०० (एकसय) |


**सम्पर्क ठेगाना**


मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ
फोन: ०१४६००५९१

इमेल: molungfoundation@gmail.com

वेबसाइट: www.molung.org.np


**मोफसल सम्पर्क**

वेदीकुमार राइ (खोटाङ), कुलप्रसाद खतिवडा (ओखलढुङ्गा), अनिरुद्र सुवेदी (रामेछाप), नरेश पहाडी (सिन्धुली), उज्जन काफ्ले (मकवानपुर), दिनेश पन्थी (रूपन्देही), रामप्रसाद चौधरी (कैलाली)

# लेखन निर्देशिका

मोलुङ ज्ञानप्रवाह भाषा, साहित्य, कला, संस्कृति, विज्ञान, सामाजिक शास्त्र लगायत जीवन र जगतका विषय र विधामा लेखिएका सिर्जनात्मक तथा अनुसन्धानमूलक लेखरचनाहरू प्रकाशन गर्ने शिक्षाप्रधान मासिक पत्रिका हो । यस पत्रिकामा प्रकाशनार्थ लेख रचना पठाउनु हुने महानुभावहरूले देहायको लेखन निर्देशिका अनुसरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौँ ।

१. नेपाल राज्यको भौगोलिक अखण्डता, राष्ट्रिय अक्षुणता, धार्मिक सहिष्णुता, सांस्कृतिक मर्यादा, र सामाजिक सद्भाव खल्बलिने खालको कुनै लेख रचना प्रकाशन गरिने छैन ।
२. कुनै राजनीतिक दल विशेषको वा अमुक नेताको प्रशंसा वा निन्दा गरिएको लेख रचना प्रकाशन गरिने छैन ।
३. प्रकाशित लेख रचनामा अभिव्यक्त भएका विचारहरूलेखक/सर्जकका निजी अनुसन्धान वा विचारमा आधारित छन्। तिनले कुनै नकारात्मक विवाद आएमा प्रकाशक वा सम्पादक मण्डल जिम्मेवार हुने छैन ।
४. यसअघि कहीँ कतै प्रकाशन नभएको वा प्रकाशनका लागि नपठाएको वा फेसबुक, ट्वीटर, इन्स्टाग्राम लगायत सामाजिक सन्जालका कुनै पनि माध्यममा सार्वजनिक नभएको मौलिक लेख रचना हुनु पर्नेछ ।
५. लेखनको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी हुनु पर्नेछ ।
६. लेख रचनाहरू नेपालीमा यूनिकोड वा प्रिती फन्टमा र अङ्ग्रेजीमा बुकम्यान ओल्ड स्टाइल वा टाइम्स न्यु रोमन फन्टमा टाइप गरी विद्युतीय माध्यमबाट पठाउनु पर्नेछ ।
७. लेखकले लेख रचनाका साथ पासपोर्ट साइजको तस्बिर र आफना प्रमुख कृतिको सूचीसहित संक्षिप्त लेखक परिचय पठाउनु पर्नेछ ।

८. तोकिएको मितिभित्र प्राप्त नभएका लेख रचनाहरूत्यही महिनाको अङ्कमा प्रकाशन नगरी अर्को अङ्कका लागि सुरक्षित राखिनेछ ।

९. पठाइएको लेख रचना स्वीकृत वा अस्वीकृत वा आवश्यक संशोधन हुन सक्नेछ । संशोधनको पूर्व जानकारी लेखकलाई दिइनेछ ।

१०. लेखनका विषयक्षेत्रहरूमुख्यत: देहाय बमोजिम हुनेछन्:

**(क) भाषा** : लोपोन्मुख भाषा लगायत राष्ट्रिय/अन्तरराष्ट्रिय भाषाको वैज्ञानिक अध्ययन अनुसन्धान

**(ख) साहित्य** : कथा/लघुकथा, कविता, मुक्तक, गजल, गीत, निबन्ध, समालोचना, पुस्तक समीक्षा, यात्रा संस्मरण, आत्मकथा, जीवनी, एकाङ्की नाटक , डायास्पोरा (प्रवास अनुभूति) इत्यादि ।

**(ग) कला** : गीत, सङ्गीत, वाद्यवादन, चित्रकारिता, ललितकला, प्रस्तरकला, वास्तुकला इत्यादि ।

**(घ) संस्कृति** : लोकसंस्कृति, सांस्कृतिक सम्पदा, पर्यटन, इत्यादि ।

**(ङ) विज्ञान तथा प्रविधि** : जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, पर्यावरण इत्यादि ।

**(च) विविध** : सुशासन, विकास, समृद्धिलगायत आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका समसामयिक सवाल ।

# हाम्रो दृष्टिकोण

अघिल्लो अङ्कमा हामीले भनेका थियौँ परिवर्तन निरन्तर भइरहेको हुन्छ र त्यो परिवर्तनलाई सम्बोधन गर्न नवीन ज्ञानका उत्तिकै खाँचो हुन्छ । त्यसका निम्ति गुणस्तरीय शिक्षाको झन् बढी आवश्यकता पर्दछ । नेपालका शिक्षण संस्थाले गुणस्तरीय शिक्षा प्रदान नगरेको होइन तर त्यतिले पुग्दैन । बदलिइरहेको विश्व परिस्थितिमा व्यक्तिगत एवं सामाजिक जीवनका समस्या समाधान गर्न लरतरो ज्ञानका माध्यमबाट सम्भव छैन । त्यसैले निर्धारित पाठ्यक्रममा मात्र सीमित नहुने खोजपूर्ण एवं अनुसन्धानमूलक औपचारिक शिक्षाको खाँचो छ ।

तर औपचारिक शिक्षाले मात्र पनि पुग्दो रहेनछ । जीवनका हर पहलुमा नवीन ज्ञानको टड्कारो आवश्यकता छ । गाउँदेखि सहरसम्म समान स्तरको गुणस्तरीय शिक्षा चाहिएको छ । त्यसका लागि प्रशस्त मात्रामा पाठ्यसामग्री चाहिन्छ, अतिरिक्त पुस्तक तथा पत्रपत्रिकाका त्यस्तो पाठ्यसामग्री हुन सक्छन् । त्यस्ता पाठ्यसामग्री देशका कुनाकाप्चामा पुऱ्याउनु परेको छ । त्यति मात्र होइन विदेशमा रहेका नेपालीहरूबिच पनि नेपाली भाषा, साहित्य, कला, संस्कृति, सामाजिक रीतिरिवाज पुऱ्याउनु परेको छ ।

यही आवश्यकता पूरा गर्ने उद्देश्यले यही २०७८ असोज महिनादेखि मोलुङ फाउन्डेसनले *मोलुङ ज्ञानप्रवाह* शीर्षकमा एक शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न सुरु गरेको छ । यस पत्रिकामा भाषा, साहित्य, कला, संस्कृति, विज्ञान तथा सामाजिक शास्त्रका विविध विषय र विधाका लेख रचनाहरू नियमित रूपमा प्रकाशन गरिनेछ । तिनकै माध्यमबाट ज्ञानप्रवाह गर्नु हाम्रो मुख्य लक्ष्य रहेको छ ।

# लेखन सूचीक्रम


| शीर्षक | लेखक/रचनाकार | पृष्ठ |
|---|---|---|
| *कविता* | | |
| फूल अनि वेश्या | शारदा पौडेल निशा | ९ |
| गन्तव्यहीन यात्रा | देवेन्द्र खेरेस | १२ |
| आऊ हामी मौन बात गरुम | मोहन खतिवडा | १५ |
| कोरोना | राजु पाठक | १९ |
| *लघुकथा* | | |
| चोर | दुर्गा वनवासी | २० |
| *कथा* | | |
| पुरुष वेश्यालय | रक्ष राई | २२ |
| दुई घुम्तीहरू | नदिया लिवाङ | ३३ |
| *आलेख* | | |
| भारतमा डायसपोरा नेपाली | नारायणप्रसाद होमगाई | ३९ |
| चीनको शिक्षा प्रणाली : सङ्क्षिप्त चर्चा | डा. धनप्रसाद सुवेदी | ४४ |
| सिकाइ सहजीकरणका वैकल्पिक उपाय | डा. गणेशप्रसाद भट्टराई | ४९ |
| Current Understanding of Disaster and Risk Reduction Approaches in Nepal | Junu Uprety | 56 |

| | | |
|---|---|---|
| Increasing your Self Worth and Overcoming the Judgement | Istuti Khadka | 61 |
| Never Give up ! | Nancy Lamichhane | 63 |
| Superstition and Discrimination: Two Big Social Problems | Supriya Phuyal | 66 |
| *अन्तरक्रिया* | | |
| प्रभावकारी शिक्षानीति : आजको आवश्यकता | प्रा.डा. बालचन्द्र लुइँटेल | ६८ |

***कविता***

## फूल अनि वेश्या

**शारदा पौडेल 'निशा'**
**अनेसास स्पेन**

लुटिएका हजारौँ सपना
तिरस्कृत भएका हजारौँ मन
दुवैलाई एकीकृत पार्दै
एउटा अजङको पत्थर
बनाएकी छु आमा
जहाँ
हजारौँ अपराधी मनहरूले
सुस्केरा मार्दै
र
आँखा झिम्काउँदै इसारा दिनेछ
कुल्चनेछ, बजार्नेछ र पछार्नेछ
त्यो भीमकाय देह
पत्थरमाथि
अनि
उही भन्नेछ -
कहीँ नभएकी ठमेलकी वेश्या ।

चुपचाप सहिदिन्छु
जसरी बाटोमा एउटा सानो पत्थरले
सहेको हुन्छ
उसैगरी बहिदिन्छु जसरी
मैदानमा बिस्तारै
नदी बहेको हुन्छ

अनि आउने छ
ऊ समीपमा
फूल सम्झेर स्पर्श गर्नेछ
सौन्दर्यमा रमाउनेछ
राख्नेछ वाहुमा
बिस्तारै हराउनेछ भित्रभित्र
मिल्काउनेछ विकार
अनि उही  भन्नेछ-
कहीँ नभएकी ठमेलकी वेश्या ॥

पहरा झैँ रसाइदिनेछु
केही समय फूल बनेर बास्ना दिनेछु
ऊ टिप्न खोज्नेछ
प्रत्येक पत्रपत्र
यत्रतत्र सर्वत्र
थकाइ मार्ने छ
लामो हिँडाइपछि
टुसुक्क बस्न मिलेको पत्थर सम्झी
लिप्त हुनेछ  भित्र भित्र
भुल्नेछ संसार, रमाउनेछ पलका लागि
रसाउनेछ ऊ पनि
मेटाउनेछ प्यास
मिल्काउनेछ केही दौलत
अनि उही भन्नेछ -
कहीँ नभएकी  ठमेलकी वेश्या ॥॥

सन्ध्यालाई लत्याउँदै
उषाको प्रतीक्षामा
कयौँ रात काटेकी हुनेछु
विना लाज विना सङ्कोच

आउने र जाने बटुवाहरूले
विश्राम गरुन् भन्ने आशमा
जब समीपमा आउनेछन्
स्वागत गर्नेछु
मुसुक्क मुस्कुराउँदै
एउटा फूल बनेर
दिनेछु वास्ना
लुट्नेछ सौन्दर्य
मेट्नेछ थकाइ
गर्नेछ विश्राम
तान्ने छ सन्तोषको सास
हराउनेछ भित्रैभित्र
भुल्नेछ संसार
र
छिन मै भुल्नेछ सब कुरा
अनि उही भन्नेछ -
कहीँ नभएकी ठमेलकी वेश्या ॥॥

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना प्रकट गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
सरस्वती मा.वि. दिक्तेल, खोटाङ

*कविता*

# गन्तव्यहीन यात्रा

देवेन्द्र खेरेस
**बेलायत**

१८ जुन २०००...
रातभर
निलो समुद्रको गहिराइमा डुब्दै
र, घरी तैरिँदै मालवाहक जहाज
एक भारी शरणार्थीको लास बोकेर
इङ्लिस च्यानल आइपुगेको छ ।

शरद ऋतुको मौसम
खुल्ला आकाशमुनिको शान्त सामुद्रिक तलाउ
बिहानको उज्यालोसँगै क्षितिजबाट आउने
सूर्यको स्पर्श छामिरहेका एकहुल माछाहरू
न्यानो महसुस हुन नपाउदै
शरणार्थीको लास हेर्न बाध्य भएका छन् ।

शरणार्थी हुनु
अपराध होइन
गाँस र बासको खोजी गर्नु
प्राणी हुनुको कर्तव्यबोध हो
तर
युरोपको फलामे ढोका
इङ्लिस च्यानल पार गर्न
जीवनलाई दाउमा राख्नु पर्दछ ।

दक्षिण चाइनाको

बन्दरगाहबाट निलो समुद्र पछ्याउँदै
गन्तव्यको खोजीमा हिँडेका युवायुवतीहरू
धेरै दिन र रातहरू कन्टेनरको अँध्यारो कोठाभित्र
भोक र तिर्खाले कति चिच्याए होला ?
सास फेर्न नसकेर कति छट्पटिए होला ?
तर उनीहरूको पिर र व्यथाहरू
कन्टेनरबाट बाहिर पुग्न सकेन
र, हिँड्दा हिँड्दै बाटोमा यात्रा टुङ्गियो ।

नाफाको व्यापारीसँग जीवनलाई बन्दक राखेर
कन्टेनरभित्र बोराको सामानझैँ
पानीजहाजमा हिँडेका शरणार्थीहरू
सपनाहरू के के बुन्दै हिँडेका थिए होला ?
उनीहरूको अनेक आशा र उमङ्गहरू
गन्तव्यको खोजी गर्दागर्दै बाटोमा कतै टुट्यो
र, बन्दरगाहमा अवतरण हुन सकेन ।

कारखानामा उत्पादित वस्तु झैँ
जहाजभित्र मानिसलाई खाँदेर
नाफाको व्यापार गर्ने सामुद्रिक लुटेराहरू
जहाजभरि शरणार्थीको भारी बोकेर
कहिले-अरबबाट
कहिले-अफ्रिकाबाट
कहिले-एसियाबाट युरोप ओसार्ने गर्दछन् ।
समय
आउँछ-जान्छ
पानीजहाजहरू ओहोर-दोहोर गरिरहेका छन्
तर
त्यो अधैँरी रातलाई चिरेर
हजारौँ युवाहरूको सपना उज्यालो हुन सकेन ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक शुभकामना प्रकट गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
कालिका मा.वि. बाकाचोल, खोटाङ

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**क्याम्पस प्रमुख/ प्रधानाध्यापक**
तथा समस्त क्याम्पस/विद्यालय परिवार
सिमपानी क्याम्पस/मा.वि. सिमपानी, खोटाङ

*कविता*

# आऊ हामी मौन बात गरुम

मोहन खतिवडा
मध्य युरोप

आऊ हामी मौन बात गरुम
चुपचाप, चुपचाप, चुपचाप !!

विषय यस्तो होस,
कर्णालीको भोकदेखि
सहरको शोकसम्म
देशको रमझमदेखि
परदेशको पीडासम्म

हाम्रो मौनताले त्यो देखोस्
भर्खरै रोपाइ सकेका बाका
हिलोले खाएका पैतालाहरू,
आशाको ब्याडबाट धानको बेर्ना
रहरको खेतमा सार्दासार्दै
फाटेको आमाको मजेत्रो ।

प्रेमदेखि समाधिसम्म
अध्यात्मदेखि विज्ञानसम्म
आत्मादेखि परमात्मासम्म
विनासदेखि समृद्धिसम्म
निराशादेखि आशासम्म
आऊ हामी मौनतामै खुलेर बात गरौँ !!

आकाशगङ्गामा तारा कसका लागि उदाउँछन्,

यो घाम हर दिन कसका लागि ओझेल पर्छ ?
किन नदी यति हतार गरेर दौडन्छ
आखिर कसलाई जित्नु छ उसले ?
नबिसाई कहिल्यै पनि
किन बोकेर घुमिरहन्छ पृथ्वी बोझको यत्रो भारी ?

तिमी हेर म बुझ्छु
म हेर्छु तिमी पढ
बोल्न त यहाँ 'शासक' को स्वीकृति चाहिन्छ
विवेकको बिर्को बन्द भएको बेला
दुष्टले इतिहास पढाएको बेला
राम र हनुमानको कुरा छोडेर आउ
हामी मौनतामै बात गरुम
चुपचाप -चुपचाप -चुपचाप !!!

तिमी
केही गरिबको गोठ बोल
म केही भोकको कथा कहन्छु
हजार दुःख झेलेर आमाले
किन जन्माइन तिमीलाई ?
एक छाक पनि मिठो नखाई
बाले किन हुर्काइरहे मलाई ?
आन्दोलनमा हराएको तिम्रो दाइको सास
शासकको कुन मुर्दाघरको तख्तामा छ ?
चिलगाडी चढेर फिरङ्गी देश पुगेको भाइ
किन रातो बाकसमा सुतेर फर्कियो ? ?

सबै काम छोडेर आऊ तिमी
सबै काम छोडेर आउँछु म
एक फेर गरिबको गोठमा खस्ने पहिरोको कुरा गरुम ।

हेर्दा मान्छे जस्तै देखिने भुइँमान्छेको कुरा गरम
जस्तो कि
दाइजो नलग्दा जलाइएकी चेलीको चीत्कार
छाउगोठमा निस्सासिएको 'छाउ' सपना !!

बोलेर गरेको क्रान्ति हेर्‍यौ हामीले
चिच्याएर ल्याएको लोकतन्त्र पढ्यौँ हामीले
तेसैले अब मौन बात गरम तिमी, म र हामी
लोकका सबै मिथकहरूमाथि
भ्रमको शासनमाथि
अत्याचारको ठुलो पर्खालमाथि
राज्यको खुनी चरित्रमाथि ।
आऊ हामी मौन बात गरम
मौनतामै क्रान्ति गरम !!
चुपचाप ! चुपचाप !! चुपचाप !!!

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक शुभकामना प्रकट गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
पुण्यमाता मा.वि. बेतिनी, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
बिगुटार मा.वि. बिगुटार, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
जीवन प्रदीप मा.वि. हर्कपुर, ओखलढुङ्गा

***कविता***

## कोरोना



**राजु पाठक**
**कलकत्ता**

कोरोना अति व्यस्त भै कन यहाँ सर्दै सबैमा गयो ।
एक्लै बस्नु कहाँ गएर भन लौ टेर्दै नटेर्ने भयो ॥
सन्चै बस्छु भनेर बस्न कसले पायो र संसारमा ।
पार्नेभो सजिलै सखाप यसले हेरेन को छन् कहाँ ॥

बौलायो किन यो सनक्क यसरी जान्नै नपाई कनै ।
शत्रुझैँ कहिल्यै बगेन किन यो बग्दै छ थर्काउँदै ॥
मान्छे नै अहिले बने कि पशु या बन्दै गए दानव ।
फैलायो फण मेदिनीभरि कनै मास्ने भयो मानव ॥

यस्तो सङ्कटको घडी छ कसले देला सहारा भनी ।
ताक्दैछौँ घरभित्रबाट उभिई निर्धो भिखारी सरी ॥
के गर्ने कसरी रमाउन सकौँ हामी तँ आफैँ बता ।
सर्वत्रै विष फैलियो नि जगमा उम्केर जाने कता ॥

जस्तै यो विष फैलिए पनि यहाँ लड्नै परे लड्दछौँ ।
हामी मानव जाति हार जितमा फेर्ने असन्तोष हौँ ॥
हार्देनौँ दुनियाँ छँदै बरु अझै कस्तो छ देखा कला ।
मास्ने काम गरेर धेर अब यो चल्दैन तेरो बला ॥

*लघुकथा*

# चोर

## दुर्गा वनवासी

“चोर ! चोर ! चोर !“ मध्यराति हल्लीखल्ली भयो । सबै तयारीसाथ बाहिर निस्किए । म पनि एक हातमा लौरो र अर्कोमा टर्च बोकेर निस्किएँ ।
“म चोर होइन हजुर ! मलाई नपिट्नोस्, माफ दिनोस् !” एउटा करुण, मधुरो आवाज अनुनय गर्दैथियो ।
“तँ साला चोर ! अझ माफी पो दिनु ?” एकसाथ केही लात र घुस्सीसँगै गालीको वर्षा पनि हुँदैथियो । छेउमा पुगें, बिजुलीको उज्यालो प्रशस्तै थियो, उसमाथि मुबाइल र टर्चको उज्यालोमा चोरको अनुहार प्रस्ट चिन्न सकिन्थ्यो ।
“ओहो ! रामेश्वर !” हतारिँदै भिडमा घुस्रिएँ ।
“एकछिन पख्नोस्, नपिट्नोस् यसलाई !” ठुलो आवाजमा बोलेँ ।
“किन नपिट्नु मेडम ? भरत सरको घरबाट सरको पर्ससँगै पक्राउ परेको हो यो भाते !” भिडबाट आक्रोशित आवाज आयो ।
“यसलाई त हातखुट्टा भाँचेर लडाइदिनुपर्ने ! यस्ता चोरहरूमाथि केको दयामाया ?
“होइन, होइन, हामीले गर्ने गरिसक्यौं, अब पुलिस बोलाएर जिम्मा दिनुपर्छ, बाँकी काम पुलिसले नै गर्छ, बरु १०० मा फोन गरौं न !” अर्को टिप्पणी ।
मैले रामेश्वरतिर हेरेँ, करुण आँखाहरूले मैतिर हेरेर रोइरहेको थियो ।
हाम्रो अफिसमा रङ्ग लगाउन आएको थियो दुई महिनाअगाडि, अरु कामदारभन्दा फरासिलो र शिष्ट लाग्थ्यो । आज चोरको रूपमा, त्यो पनि पर्ससहितै ? पत्याउन गाह्रो लागिरहेको थियो ।
“एकैछिन पर्खनोस्, मलाई एकपल्ट ऊसँग कुरा गर्न त दिनोस् !” भिडलाई थुम्थुम्याउँदै भनें ।

भिड केही शान्त भयो ।
“के हो रामेश्वर यो सब ?” ऊतिर फर्कें म ।
भुइँमा थचक्क बसेर टाउको समात्यो उसले र अश्रुमिश्रित स्वरमा भन्यो, “मेडम, म एउटा ज्यामी हुँ, हजुरलाई थाहै छ, मजदुरी नगरे चुल्हो बल्दैन । कोरोनाको कारण सरकारले काम गर्न रोक लगायो । एक हप्ता त थोरै बचाएको पैसाले घर चल्यो । घरमा स्वास्नी सुत्केरी छे, अर्को बालक छोरो छ पाँच वर्षको, उपाय केही छैन । खै कता हो, सरकारले दिन्छ भन्थ्यो, त्यो पनि थाह भएन । घरमा आएर दिंदैन, लिन जाँदा घरबाट किन निस्केको भनेर पुलिसले भाटा हान्छ । नहुनुभन्दा साह्रो केही रहेनछ मेडम ! त्यही भएर यो रातको समयमा चोरी गर्न बाध्य भएँ । सरको पर्सबाट एक हजार रुपियाँ मात्रै झिकेर गर्जो टार्ने विचार थियो तर मेरो दुर्भाग्य, पक्राउ परेँ ।”
ऊ भन्दाभन्दै भक्कानिएर फेरि रुन थाल्यो । “रामेश्वर” रसिला आँखाहरूले भिडतिर हेरेँ । स्तब्ध र निरुत्तर भिडका हातहरू लुला भए, लट्ठी र हतियारहरू भुइँमा झरे ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना प्रकट गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
शिवदुती मा.वि. प्राप्चा, ओखलढुङ्गा

*कथा*

# पुरुष वेश्यालय

रक्ष राई
बेलायत

"ओइ, रन्डीको छोरा !... तेरी आमालाई चि...।"

सम्भवतः यो पुरुष वेश्यालयमा पुरुष वेश्याहरूका निम्ति तयारी स्वागत सम्बोधन हो । हामी त्यही सम्बोधनद्वारा स्वागत गरिन्छौँ । म के देख्दछु भने वरिपरि हरिया तारहरूले बेरिएका रित्ता बिल्डिङहरूले हामीलाई पर्खिरहेका हुन्छन् । ती बिल्डिङहरू झ्याम्म परेका शिरीषका रूखहरूले छोपिएका हुन्छन् । तिनका झरेका मसिना पातहरूले फुटपाथ छोपिँदै गएको हुन्छ र बढेका झारहरू त्यहीमाथि घोडा चढ्न थालेका हुन्छन् । धरानको रेक्रुट सेलेक्सन क्याम्पमा बाटो बढार्ने, पत्कर सोहोर्ने र झार काट्ने काम सिकिसकेको मेरा आँखाले ती दृश्य टिपी हाल्छन् । आकाशमा तेजिलो सूर्य झुन्डिरहेको हुन्छ र हामीलाई एक्कासी भङ्गेरा ढल्ने गर्मीले छोप्छ । तिनका हाँगामाथि गर्मीले पखेटा लतारेर मुख बाइरहेको भँगेराहरू आरेमेरे परिरहेका हुन्छन् । मेरा हङकङको सपनाले निक्कै नमज्जाले धोका खाँदै गइरहेको बेला म अगाडिपट्टि हरियो पृष्ठभूमिमा सेता अक्षरले लेखिएका ठुलो साइनबोर्ड पढ्दछु -

Recruit Training Centre
Malaya Lines
Sekong, Hong Kong

त्यो साइन बोर्डले म हङकङमा आइपुगेको प्रमाण बकिरहेको बेला एउटा बम पड्किएजस्तो आवाज कानमा आएर ठोकिन्छ ।

"ओइ, कुकुर्नीका छोरा हो... अब मेरो फेला परिस् !" फेरि आँखामा अर्को दृश्य फेरिँदा के देखिन्छ भने दायाँ-बायाँ पाखुरामा बिल्ला ओढेर हरियो बर्दीभित्र घुसारिएर अरमट्ठिएको मान्छे साँढे गोरु जस्तो डुक्रिरहेको हुन्छ । त्यो बिल्ला बटारिएको हो कि मान्छे बाङ्गिएको हो, छुट्याउनै गाह्रो हुने दृश्य ।

यो रन्डोखानको शब्दकोशबाट निर्माण भएको रन्डोखानको भाषा हो । जो यो वेश्यालयका हरेक रन्डोहरूका दिमागका भित्ता-भित्तामा र मनका जरासम्म पुग्ने गरी लेखिएका छन् ।

“हो, म यहीनेँर आइपुगेर रन्डी भएको छु ।” म आफ्नै लागि अर्को दृश्य हुन्छु, जहाँ आँखाले देख्न नसकिने संसार छ ।

मेरो सपनाको देश र कल्पनाको सहर हङकङ । यहाँ आइपुग्न बित्तिक्कै मलाई पुरुष वेश्यालयको वातावरणले झ्वाम्मै छोप्तछ । यहाँ दुम्बाको मासुको पाइन चढेर मातिएका हुँदारहेछन् रन्डोहरू ! यी रगतका पाइन झरेका भुत्तेमान्छेहरू । पाँच फिट दुई इन्चभन्दा माथि उठ्न नसकेका मानवहरू, जो हामीलाई रन्डी बनाइरहेका हुन्छन् ।

रन्डोखानका महानशाले बेसुरा छन् रन्डोहरू ।

“लाहुरेको रेलिमाई फेसनै राम्रो... ।”

“झमझम परेली आँखैमा गाजलु ...।”

मास्टर मित्रसेन थापा मगरका गीतहरूले थर्किन्छन् रेक्रुट कम्पनीका ब्यारेकहरू । गीतका शब्दहरू ठोकिन्छन् ब्यारेकका भित्ताहरूमा र चर्किन्छन् झ्यालका सिसामा जोतिएर । अनि आफै दुखेर रुन्छन् मास्टर मित्र सेन ।

“रेक्रुट, अब त मान्छे होइनस् ।” अर्को दृश्यमा हरियो बर्दीले छोपेको अर्को बुख्याँचा मान्छे तर्साउने लाखे भएर कराउँदै गरेको हुन्छ ।

अहो ! मान्छे खानका लागि बनाइएका कस्ता डरलाग्दा मान्छेहरू । भर्खरै भूतको संसारमा आइपुगेको भान हुन्छ ।

अब यी रेक्रुटहरू मान्छे होइनन् । यिनको दिमाग निकालिन्छ र अर्कै थोक बनाइन्छ । त्यो पुरुष वेश्या वा रन्डी जे पनि हुन सक्दछ । त्यसैले यी रन्डीहरू समयको अगतिमा परेर कुर्कुच्चा उफारी उफारी पुर्सुङ्गे नाचिरहेछन् कुनै सर्कसमा चटकीले बाँदर उफारे जस्तो । लय छैन । गति छैन । ताल छैन । विश्राम छैन ।

भोलिपल्टदेखि छाला काढिन्छन् रेक्रुटको र छोपिन्छन् हरियो बर्दीले । उनीहरूको टाउकादेखि पैतालासम्म हरियो । तिनका हात, खुट्टा, नाक, मुख, कान र आँखा हरिया ।

"टु द फ्रन्ट... !" ड्रिल परेडको पहिलो कासन कराउँदा नै उसको उछिट्टिएको थुक एउटा रेक्रुटको निधार पुग्छ । उसको थुकको छिटाले निधारमा भेटेको रेक्रुटको अचानक आँखा झिम्म हुन्छ र कुम पनि झड्काले उचालिन्छ ।

"ओइ साला, ड्रिल परेडमा चल्छस् । अरिङ्गालले टोके पनि चल्ने हुकुम छैन बुझिस् !" ऊ आफ्नै थुकको छिटाले भेटेर तर्सिएको रेक्रुट माथि झम्टिन्छ । अब त्यो रेक्रुट बाघले टोके पनि नचल्ने हुन्छ । ऊ फेरि आफ्नो कासन दोहोऱ्याउँछ ।

"टु द फ्रन्ट स्यालुट... !" ऊ आफ्नो कासनको अन्त्यमा तीर जस्तै तिखो आँखा बनाएर रेक्रुटलाई हेर्छ ।

"ओइ, दिदीबिनाको साला ! झुमुस् खान्छस् ? तेरो भेनाले दिएको कासनमा ध्यान नदिएर काम बिगार्दै तर्सिएको मिर्ग जस्तो हुन्छस् ।

"साला, चड्के स्यालुट हान् है... आगोले पोलेजस्तो" अनि ऊ चाहिँ रेक्रुटमा स्फूर्ति खोज्छ ।

"मुभ टु योर राइट टर्न !" कासन दिँदा उसको भ्यान्टे भुँडीको बोसो हल्लिन्छ, जो दुम्बाको मासु खाएर लागेको हुन्छ ।

"ए, साला... असला माछा जस्तो सर्लक्कै घुम है !" ऊ चाहिँ भुँडीको भारीले आहाल बसेको भैँसीजस्तो घुम्छ र रेक्रुटलाई चाहिँ असला माछा जस्तो भन्छ ।

"जनरल स्यालुट प्रिजेन्ट आर्म्स... !" ऊचाहिँ राइफललाई गाईको गोठ बनाउने घोचाजस्तो उचाल्छ ।

"स्याट् - स्याट् - स्याट् - पारेर काम गर सिपाही भएर... नत्र म तेरो चुथ्थरमा आगो झोस्छु ।"

"बाइ द फ्रन्ट कुइक मार्च... ! लेफ्ट-राइट-लेफ्ट !" साँच्चि नै कहीँ नपुगिने मार्च, अझै त्यो माथि "कुइक" पनि थपिएको मार्च ।

रेक्रुटहरू कहीँ पनि नपुग्ने गरी कुइक मार्च हिँड्छन् परेड स्क्वायर वरिपरि ।

अहो ! अनगिन्ती आँखाभरि नअटाउने दृश्य ।

“यो वेश्यालयभित्र हुकुमको जवाफ र कालको ओखती हुँदैन... आदेश आएपछि घुँडाले पहाड छेंडेर अगाडि बढ... नत्र तेरो खैरात छैन रेकरुट !” कर्कश आवाजले सारा ट्रेनिङ डेपोट मलाया लाइन्स थर्किन्छ । बुटका निर्मम टेकाइले धर्तीमुनिबाट भुइँचालो जाग्छ । अब रेकरुट मान्छे रहेन त्यहाँ । मान्छेको गिदी निकालेर सिपाही भर्ने काम आरम्भ हुन्छ । भर्खरै फुलबाट काढिएको कुखुराको चिङ्नामाथि बाजको आक्रमण परेजस्तो वातावरण जताततै हाहाकार र चिहिलबिहिल छ ।

ऊ... हेर्दाहेर्दै भित्तामा ठोकिएर एउटा रन्डी भन्डै लड्यो । धन्य त्यसलाई दुखेन । यो वेश्यालयभित्र मान्छेलाई नदुख्नु भनेको ऊ मृत भइसक्नु या त रन्डी भइसक्नुको प्रमाण हो । चोटले दुखे पनि आइया नभन्नु र आगोले पोले पनि आत्था नभन्नु मृत्यु स्वीकार्न सक्ने योग्यताको परिचय हो ।

“ओइ केटा हो !..यो आलु हो कि होइन ?” त्यो गुरुजी ढुङ्गो टिप्दछ र त्यसलाई आलु भन्न लगाउँदछ । अब त्यो ढुङ्गो रेकरुटको दिमागमा आलु भएर पस्नु पर्दछ । अब त्यहाँ मान्छे सिपाहीको परीक्षामा उत्तीर्ण हुनु पर्दछ।

“हो, त्यो आलु नै हो सा’ब !” हेर्दाहेर्दै उसको हातको ढुङ्गो आलु हुन्छ ।

“ओइ रेक्रुट ! यो ढुङ्गो हो कि होइन ?” त्यो गुरुजी गोजीबाट आलु निकाल्छ र त्यसलाई ढुङ्गो भन्न लगाउँदछ । अब रेकरुट निरूपाय सिपाही परीक्षामा उत्तीर्ण हुनुछ।

“हो, त्यो ढुङ्गो हो साब !” हेर्दाहेर्दै उसको हातको आलु ढुङ्गो हुन्छ ।

त्यो गुरुजी ढुङ्गोलाई आलु र आलुलाई ढुङ्गो बनाउने आविष्कारक पनि हो । आफ्नो आविष्कार गलत ठहरियो भने ऊ आँखामा क्रोधाग्नि बाल्दछ ।

"यहाँ ढुङ्गोलाई ढुङ्गो देख्न किन नहुने ?" म प्रतिवाद गर्दछु ।

"ओइ, साला दुम्बा ! तँ बहुलाइस्... तेरो दिमाग खुस्कियो ?" ऊ घाँटीको नशा फुलाएर थुक उछिट्याउँदै बहुलाउँछ।

"ऊ त्यो ढोकामा गएर पढ्, तेरो बाउले के लेखेको छ ?" ऊ मलाई गर्दनमा समातेर घिच्याउँदै ढोकामा पुऱ्याउँछ ।

"पढ्, छिटो पढेर सबलाई सुना !" आदेश बर्सिन्छ ।

म ढोकामा टाँसिएको भङ्गेराका टाउका जत्रा अङ्ग्रेजी अक्षरहरू पढ्दछु ।

Senior is always winner!

म ठुलोठुलो आवाजले त्यो अङ्ग्रेजी अक्षरहरू पढेर सुनाउँछु ।

"साला दुम्बा, बुझिस् ? त्यो तेरो बाजेको मालिकले लेखेको १९४७ को कानुन हो... तैँले लेखेको कविता नठान् । त्यो कानुनलाई स्यालुट हान् !" ऊ जङ्गी जङ्गबहादुर आदेश फलाक्छ ।

म ढोकामा टालिएको भङ्गेरा जत्रा त्यो अङ्ग्रेजी अक्षरलाई स्यालुट हान्छु ।

"ह्याँ आइजा, त बहुलाइस् । तेरो बहुलाएको गिदी निकाल्छु.. घोप्टो परेर टाउको थाप...।"

यहाँ हरेक गल्ती बापत घुच्चुकमा मुड्की खानु रेक्रुटको लागि ब्रेड एन्ड बटर नै हुन्छ ।

"ढुङ्गोलाई ढुङ्गो र आलुलाई आलु देख्ने तेरो आँखा पनि निकाल्छु । खोइ, यता ल्या तेरो घुच्चुक... घोप्टिएर हत्केलामा थाप है मुल्ला ! तेरो आँखा भुइँमा खस्ला ।"

सबै रेक्रुट अथवा रन्डीहरू घुच्चुक तयार पार्दछन् मन्दिरमा मार हान्न तयार पारिएको बोकोजस्तो र भैँसी ठोक्नेमा मार खाएर फिलुङ्गासरि हुन्छन् । यो पृथ्वीभन्दा भिन्न र अदेखा संसार हो, जसलाई नभोगीकन देखिँदैन ।

"तेरो गुरुजीले भनेपछि यहाँ ढुङ्गो पनि आलु र आलु पनि ढुङ्गो हुनु पर्दछ, बुझिस् ?" त्यो रन्डो क्रोधले बहुलाएको जङ्गली भालु जस्तो देखिन्छ ।

"हो गुरुजी... हुन्छ हजुर... हवस् हजुर !" प्लाटुनका प्लाटुन रन्डीहरू भजन गाउन तयार हुन्छन् । यो नवौँ ग्रहभन्दा बाहिरको दशा हो, जो वेश्यालय नभोगीकन रन्डी होइदैन।

अब म मरेकाट्टे बोल्दिनँ । यहाँ आएर मैले आफ्नो आवाज हराएको छु । जिब्रो थुतेर पातमा सुकाएको छु । आँखा निकालेर ढुङ्गोले किचेको छु ।

त्यो रन्डो हाम्रो गिदी निकालेर भुटुवा बनाइरहेछ । मानवीय संवेदनाको चटनी चाखिरहेछ । मान्छेको मन र मुटुको पकुवा बनाइरहेछ।

"ओइ हाडपाछ्रा... सुनिस्, तेरो भेनाले के बोल्दै छ ?" त्यो टाउकाबिनाको मुर्कट्टा मेरो दिदीबिनाको भेना हो । तर निश्चय नै म यहाँ आएर कानो भएको छु । मैले आफ्नो कान काटेर बाँसको चोकेमा भुन्डाएको छु ।

"किन बोल्दैनस् है घामट ?" साँच्चि नै म यहाँ आएर लाटो र घामट भएको छु । त्यसो भएर त्यो रन्डो रेबिज लागेको कुकुरजस्तो बहुलाउँछ । बहुलाएपछि कुकुरको काम टोक्नु मात्र हुँदो रहेछ । ऊ सक्थ्यो भने रिसको झोकमा आफैलाई पनि टोक्थ्यो होला । रेक्रुटलाई टोक्नु उसको लागि के को आइतबार ?

"थु..क्.. साला ! तेरो आमालाई... चि... !" यो भाषिक सौन्दर्य यही तारको बारले छेकेको सैनिक ब्यारेकको सिर्जना हो, जो नवौँ ग्रहभन्दा बाहिर छ र यसको भाषिक अर्थले सामान्य मानिसको दिमागको जरा उखेलिन्छ ।

"सुँगुर मोटायो भने चुत्थर... साँगुरो हुन्छ, त्यसलाई मकैको खोया ठोकिदिनुपर्छ... तेरो चुत्थर साँगुरो भयो होइन... यता आइज मुला !" कर्पोरल गुरु यो सैनिक ब्यारेकले जन्माएको उखानको मालिक पनि हो । ऊ त्यही उखान फलाक्दै म माथि बाघझैँ झम्टिन्छ ।

कर्पोरल गुरुजी मेरा सेक्सन कमान्डर हुन् । उनी सैनिक तालिम प्रशिक्षक थोरै र पुरुष वेश्यालयका पुरुष वेश्या धेरै प्रस्तुत हुन्छन् । जो मलाई सजायको रूपमा शारीरिक यातना दिन तयार

हुन्छ । मलाई ढल बग्ने नालामा मानव पुल बनाउँदछ र त्यसमाथि एक प्लाटुन रेक्रुटहरू हिँडाउँदछ।

"यो वेश्यालय हो बुझिस्... ? तँलाई रन्डी बनाउन म यहाँ रन्डो भएको छु... लु खा... पाजी !" त्यो आठ साइजको बुट मेरो ढाडमाथि जख्छ । ऊ मेरो छाला काढ्छ र मलाई ढल बग्ने नालीमा चमेरो आसनमा राख्दछ । भर्खरै चौकाघरमा खाएको खाना उल्टी भएर आउँछ र आमाचाक्ली गालिगलौज मात्रै सुल्टी भएर भित्र पस्दछ । बाँकी रहेको मेरो शरीरको रगतमा लामखुट्टेका दरसन्तान र नाता कुटुम्बहरूको मेसिङ (वनभोज) हुन्छ ।

त्यो कर्पोरल गुरु खुकुरीको लाग्ने धारजस्तो यो ब्यारेकले बनाएको उखानको धार नचाउँछ, ... "साला रेक्रुटलाई बस्न दियो भने सुत्न खोज्छ... सुत्न दियो भने...। तेरो बोसो काढ्छु म ।"

"साला, रन्डीमा नाम दर्ता गरेपछि जत्रो पनि...।" ऊ मान्छेलाई रन्डी बनाउने फर्मुला फलाक्छ ।

"ओइ, रन्डी दुख्यो ?"

"दुखेन हजुर !"

"अँ, रन्डीहरूको दुख्नु हुँदैन... दुख्यो भने रन्डीहरू रन्डी हुँदैनन् ।"

"दुख्यो भने रन्डीहरू के हुँदैन अरे ?"

"रन्डीहरू रन्डी हुँदैन हजुर !"

"अँ, बल्ल ठिक भनिस् !"

- उही पुरुष वेश्यालय ।
- उही वेश्यावृत्ति ।
- उही करणी ।

रन्डीहरूको अर्थहीन अन्तरात्माको क्रन्दन ।

साम्बा नम्बरी भन्दछ "यो ठाउँ २०० वर्षदेखिको कालो सुरुङ हो, जहाँ सूर्य स्वयम् पनि हराउँदै आएको छ ।"

हो, यो बोधिसत्व वा बुद्धत्व जे भने पनि हो । मानिसको अहम्को हत्या वा मृत्यु भइसकेपछि ऊ बुद्ध हुँदोरहेछ । तर यो वेश्यालयमा बुद्धको पनि हत्या हुन्छ । त्यसो र म आफ्नै जिब्रो

चपाएर निलेको मान्छेजस्तो आफ्नो शब्दहरूले अजीर्ण हुन्छु । त्यसरी जिब्रो चपायो भने शब्दहरू आँखामा आउँदो रहेछ । मेरा आँखामा हुन्हुनाइरहेका शब्दका आवेगले उसको शिर नुहिन्छ । तापनि नम्बरी साम्बाका ती वाक्यहरू यो हरियो पर्खालका भित्ताहरूमा ढुङ्गोका अक्षरहरूले लेखिएका छन् ।

"नम्बरी, मान्छेलाई रेक्रुट र रेक्रुटलाई रन्डी बनाउने यो पुरुष वेश्यालय हो । यहाँ रन्डोहरूको वेश्यावृत्ति चलिरहन्छ... सिपाही भनेको मानसिक वेश्या हो ।"

हो, म यहीनेर आइपुगेर रन्डी हुन्छु । फेरि अर्को दृश्य फेरिन्छ । त्यसले सबैको काया बदलिदिन्छ ।

यसो भएपछि त्यहाँ लोग्नेमान्छे पुरुष हुँदैन । लोग्नेमान्छे पुरुष नरहेपछि स्त्री पनि हुँदैन ।

त्यसपछि म त्यहाँको दृश्यलाई पढ्दै जान्छु ।

गल्लावालाले नापेको ३२ इन्चको छातीमा DD ३६ साइजको स्तन उम्म्रिएको छ । मेरो सनकी लिङ्ग उत्तेजित भएर निधारमा पुगेको छ । हेर्दछु - नम्बरीको अनुहार कुमालेले बेस्सरी मुछेको माटोजस्तो भएको छ । आँखाहरू लज्जाबोधले टाङमुनि लुकेका छन् । आँखाको टोड्कामा अन्डकोस चढेर बसेको छ । गिदी फुटेर ढल बनेको छ र ढल बगेर टाउको भरिएको छ ।

"ओइ, रेक्रुट तँ कहाँ मान्छे होस् र !"

कर्पोरल गुरुजी मेरा सेक्सन कमान्डर हुन्, जो जुँगा बटार्दै हुङ्कार गर्दछन् र ओठमा लिपिस्टिक दल्छिन् ।

"रेक्रुट, तेरो ससुराली घरमा छैनस् है !" ऊ यो रन्डोखानको भाषाको निर्माता पनि हो ।

मेरा प्लाटुन कमान्डर हेर्दा काँधभरि फुली बोकेका लोर्के छन्, तर नदेख्दा ब्रा र पेन्टी लगाउँछन् र दिनमै रात पारेर टप्लेस र बटमलेस नृत्य देखाउँदछन् ।

"ओइ, रेक्रुट तेरो बाउको घरमा छस् ?"

मेरा प्लाटुन सार्जेन्ट बाहिरबाट राइफल जस्तै पड्किन्छन्, तर भित्रबाट उनी आधा स्त्री र आधा पुरुष हुन् ।

"अहो ! हेर्दै जाँदा यहाँ त विचित्रैको संसार पो रहेछ ।"

यो रेक्रुट ट्रेनिङ सेन्टरका एकजोर हात र खुट्टामा उभिएका मनुष्यहरू मान्छे होइनन् । ती टाउकाविहीन मुर्कट्टा हुन् । छातीमा दाह्रा बोकेका भूत र पिशाच हुन् । ती मान्छेका दिमाग बिगार्छन् र मान्छेका पसिना, रगत र मासु खान्छन् । ती मान्छे तर्साउने प्रेतात्मा हुन् । ती जो प्रत्येक बिहान र बेलुका कुक हाउसको मेसमा ब्रेकफास्ट र डिनर खाएको बहाना गर्दछन् । प्रत्येक साझा बारमा बियर र वाइन पिएको नाटक गर्दछन् ।

म के देख्दछु भने यो ट्रेनिङ डेपोट निक्कै ठुलो फोहोर मैलाले जमिएको दह हो, जहाँ दिसा-पिसाब र प्रदूषित पानीको ढल मिसिएको छ । यी मान्छे भनाउँदा जीवहरू यही ढलको बिकारले उत्पत्ति भएका गुह्र्येकिरा हुन् । भ्यागुता, जुका, गड्यौला हुन् । ती गुह्र्येकिरा गुहुमै जन्मिन्छन्, गुहुमै जिउँछन् र त्यही मर्दछन् पनि । ती जो सदियौँदेखि दिमागमा जमेको फोहोर र मैला बोकेर हिँड्छन् र सिपाहीको बेडरुम, टोइलेट र बाथरुम इन्फेक्सन गर्दै गर्दछन् ।

यी अनिच्छित दृश्यहरू हेरेर सद्दे भइरहन सक्दिन म । यी टाउकाविहीन मुर्कुट्टाहरूको सन्त्रास ओढेर वेश्यालयको ओछ्यानमै घाँटी थिच्न आउने अनिन्द्रित सपनासँग भयभीत छु म । म थिबिया चरीझैँ आफ्नो हराएको टाउकोको खोजीमा शिरीषको रूखमा चढ्छु । त्यो थिबिया चराको हाम्रोमा एउटा किंवदन्ती छ, "पूर्व जन्ममा उसको गाउँमा छोरी जन्माउने आइमाईहरूको षड्यन्त्रमा परेर आफ्नो छोरोलाई भगवान् भेट्न पठाउने भनेर भदौको भेलमा बगाएकी थिइन् रे ! अहिलेको जन्ममा थिबिया चरी भएर भदौको भेलमा आफ्नो छोरोको प्रतिबिम्ब देखेर रुँदै कराउँदै छोरोलाई बोलाउँछ भनिन्छ ।"

तब म के देख्छु भने, "मेरो टाउको ता यही शिरीषको रूखको फेदबाट बग्ने ढलसँगै बगेर जादै छ । मेरो टाउको ढलको मैला पानीमा डुबेर निस्सासिदै र पानीले सर्किदै बग्दैछ । पानीको वेगले त्यो हुत्तिँदै छ र नालीको भित्तामा ठोक्किँदैछ । अब त्यो चाँडै नै पारि

चिना गाउँबाट बग्दै झरेको फोहोर र प्रदूषित खोलामा मिसिने छ र त्यसलाई त्यो खोलाको माछा र भ्यागुताले पनि खाने छैन" ।

म निश्चय गर्दछु कि अब मेरो टाउको बाँच्ने छैन । म शिरीषको रूखबाट नै चिच्याउँछु "गुहार, मेरो टाउकोलाई बचाऊ.. ! मानिसलाई उसको टाउको चाहिन्छ... यसरी मान्छेको टाउको ढलमा बग्नु हुँदैन... मानिसको टाउकोले सम्मानित स्थान पाउनु पर्दछ... मान्छेको टाउको ढलमा बग्नु प्रलयको सङ्केत हो... जीवन र जगत्को अन्त्य हो... ।"

म शिरीषको रूखमा चढेर यो वेश्यालयभन्दा माथि उभिएर चिच्याउँछु, "ए संसार मेरो कुरा सुनिराख ! यी विकारयुक्त दूषित मानिसले यो दुनियाँलाई प्रदूषित तुल्याए । यी बौलाएका मानिसहरूले दुनियाँलाई पागल बनाए । प्रकृतिका वस्तुता माथि मनोगत अर्थले निर्माण भएको जगत् ती पागलहरूका रचना हुन् । ग्रिसका पहिला दार्शनिक सुकरात पागल थिए । उनलाई युवाहरू भड्काउने पागल भनेर विष पिलाउने मानिसहरू महापागल थिए । E =MC 2 को सूत्र बनाउने आइन्सटाइन पागल थिए । न्युट्रन पागल थिए । चार्ल्स डार्बिन पागल थिए । उनले मानिस बाँदरका जातिबाट बिकसित भएर आएको

उत्कृष्ट प्राणी भने र मानिसलाई बाँदरभन्दा उत्कृष्ट बदमासी गर्न सिकाए । मानिस र समाजमा हुने द्वन्द्वलाई मान्छेको बाँच्ने र सङ्घर्ष गर्ने कला हो भन्ने मार्क्स बौलाहा थिए । मान्छेको मनको जगत् देख्ने वैज्ञानिक फ्रायड बौलाहा थिए । यी तमाम महापागलहरूले यो संसारलाई उत्कृष्ट पागलहरूको जगत् बनाए।

ऊ, यो भुँडी ढल्काउँदै हिँड्ने मान्छे पागल हो । ऊ, त्यो युनिभर्सिटी जान बस पर्खिरहेको विज्ञानको विद्यार्थी नयाँ सम्भावित पागल हो । अनि मेरो टाउकोको एक्सरे गरेर दिमाग र मनस्थितिको परिक्षण गरिरहेको डाक्टर पनि लाइसेन्स प्राप्त अर्को पागल हो । किन भने बुद्धिमा विकार भरिएका यी सारा भौतिक जगत बौद्धिक पागलखाना हो ।

एकदिन । रेक्रुट तालिम केन्द्र मलाया लाइन्स हङकङद्वारा एक सैनिक आधिकारिक पत्राङ्क जारी गरिन्छ "आज मिति... मा । रेक्रुट हाङपाछा राई तालिमको दौरानमा आफ्नो मानसिक सन्तुलन गुमाउन पुग्दा सेनाका निम्ति अयोग्य ठहर गरी सैन्य जीवनबाट खाली खुट्टा बर्खास्त गरिन्छ...।"

त्यो हुकुमी पत्राङ्क पढेर मलाई कुनै अनौठो लागेन, कारण यी पागलहरूद्वारा उत्कृष्ट कार्य नहुनु कुनै आश्चर्यको कुरा थिएन ।

**पल्टने शब्दार्थ:**

दुम्बा - भेडाको बोको अर्थात् बुद्धि नभएको प्राणी
भुमुस् खानु - झुक्किनु वा तर्सिएर काम बिगार्नु
चुत्थर - नितम्ब
मेसिङ - वनभोज, भतेर लाग्नु

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
चण्डेश्वरी मा.वि. गोठपानी, रामेछाप

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक शुभकामना प्रकट गर्दछौं ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
चण्डेश्वरी मा.वि. सैपु, रामेछाप

*कथा*

# दुई घुम्तीहरू

नदिया लिवाङ
न्युयोर्क

म ट्रेनको सफरमा थिएँ ।
सधैँ झैँ बिहानै हतार-हतार काममा हुइकिँदै थिएँ । ट्रेनमा आज अलि भिड बढेको थियो । बस्नलाई सिट खाली थिएन । म डन्डी समाएर उभिरहेकी थिएँ ।
एक्कासि कसैले मेरो कुममा धाप मार्‍यो । फलामको जस्तो कडा हात थियो । झसङ्ग भएँ, फनक्क पछाडि फर्केर हेरेँ ।
अवाक म ! कहीँ कतै देखे जस्तो, चिने जस्तो एउटा अधबैँसे मान्छे मुस्कुराइरहेको थियो । त्यति बेलासम्म उसले मेरो कुमबाट हात हटाइसकेको थियो ।
"तिमी !" अनायासै मेरो ओठबाट एउटा सम्बोधन फुस्कियो । "बिर्सिएकी छैनौ मलाई ?" उसको आवाज पुरापुर प्रेमले भरिएको थियो । धेरै वर्षपछि अप्रत्याशित रूपमा अरुणलाई देखेर म आश्चर्यचकित मात्र भइनँ, त्यो क्षण अपत्यारिलो पनि लाग्यो ।

केही बोल्न सकिनँ । हेरिरहेँ निमेषभर उसको मायालु आँखालाई । लाग्यो त्यो उसको आँखा होइन, निलसागर हो । उसलाई छलेर कयौँ पटक डुबुल्की मारेँ, त्यो कञ्चन निलसागरमा ।

मेरो डुबुल्कीलाई छेक्दै उसले भन्यो, "न्युयोर्क घुम्न आएको ।"
"अनि एक्लै ? यति सबेरै ?"
"अँ एक्लै । घुम्न आएको मान्छे किन बसिरहनु भनेर नि । समयको भरपूर सदुपयोग गरुँ भनेर ।"
"ए !"
"एउटा कुरा भनुँ ?"

"अँ भन न ।"
"तिमीले छोडेर अमेरिका हिँडेपछि साँच्चै म एक्लिएँ । तिमीसँग घरजम गरेर बस्ने सपना विपना हुन सकेन ।" ऊ भन्दै गयो, "तिमीले सात समुन्द्र पार गरेपछि साँच्चै मलाई मात्र होइन, आफ्नो देश नेपाल नै भुल्यौ नि ?"
म चुपचाप भएँ । बोल्न मसँग थुप्रै कुराहरू थिए तर खै किन हो केही भन्न सकिनँ । प्रत्युत्तरमा थोरै मुस्कुराएँ मात्र । मेरो आँखा भिज्दै गैरहेको थियो अनायासै ।

टिलपिल आँसु बोकेर नै मैले मनमनै सोचेँ, साँच्चै विदेशी भूमिमा आएर मैले हाँस्नै बिर्सिएको हो त ? दिनहुँको परिश्रमले मेरो हाँसो खोसिदिएकै हो त ? डलरको पछि लागेर मैले सबैलाई बिर्सेकै हो त ? यस्तै कुराहरूको आँधी चलिरहेथ्यो मनमा । उसको आवाजले झस्किएँ फेरि । ऊ भन्दै थियो, "तिमीमा धेरै परिवर्तन आएछ । प्रमुख परिवर्तन भनेको तिम्रो पहिरन र दोस्रो फरासिलो पन । साँच्चै तिमी संसारकै ठुलो र सुन्दर सहरमा बसेर पनि अलि खुम्चिए जस्तो पो लाग्यो पहिलेभन्दा ।"
ऊ अझै भन्दै थियो, "त्यो बेला पनि तिमी त हिप्पी जस्ती थियौ नि ? कसैको पर्वाह नगरी बिन्दास जीवन बिताउँथ्यौ ।"

म चुपचाप सुनिरहेकी थिएँ उसको कुरा । ऊ मभित्रै पसेर भन्दै गैरहेको थियो, "म तिम्रो फरासिलो पन र सहयोगी भावना बुझेरै त मख्ख परेको थिएँ ती दिनहरूमा । तिमी हाँस्दा ती चिम्से आँखाहरू झन् साना हुन्थे । तिम्रो हाँसोले वातावरण नै कति मोहक बनाइदिन्थ्यो । हामी साथीहरू यही सोच्थ्यौ कि तिमी खुसी नै खुसीको अणुले भरिएकी छौ । अरू साथीहरू तिम्रो बारेमा चाख मानेर सोध्थे । कति मधुर थिए ती पलहरू. कतिबेला बिहान हुन्छ र कलेज जाउँ जस्तो हुन्थ्यो । तिमीलाई याद छ ? एकपटक म बिहान तीन बजे नै कलेज पुगेको ? सुनसान कलेजमा एक्लै छ बजेसम्म बसेको ?"

उसको कुराले अतीत झन् बल्झियो । म मुस्कुराएँ किनकि कुनै पनि स्थानमा म छिटो पुगे भने त्यो कुरा सम्झेर ऊ मेरो यादमा आउँथ्यो ।
ऊ भन्दै थियो, “तिमीले हातमा लगाएका रबरका खालखालका चुराहरू देख्दा अचम्म लाग्थ्यो । गाउँबाट भर्खर कलेज पढ्न आएका केटाकेटीहरू खुब तिमीलाई हेर्थे तर तिमी बेपर्बाह निस्फिक्री बाँचिदिन्थ्यौ जस्तो कि अस्कल क्याम्पस तिम्रो घर हो र ती हेर्नेहरू तिम्रा सुसारेहरू हुन् । बिलासी जीवन बिताएर पनि कति राम्रो पढ्थ्यौ नि तिमी ? साँच्चै तिम्रो साथीहरू थिए नि मिनु, आयशा, जिलेन र अमृत । कहाँ छन् ?”

“मिनुसँग कहिलेकाहीँ कुरा हुन्छ म्यासेन्जरमा । आयशा र जिलेनले विवाह गरे भन्ने सुनेँ । अमृत चाहि अस्ट्रेलियामा ‘साइन्टिस्ट’ भएको छ अरे !”
मेरो कुरा सुनेर खुसी प्रकट गऱ्यो उसले । हाँस्दै सोध्यो, “उनीहरू त कुकुर र बिराला जस्तै थिए त ! कुट्न मात्रै बाँकी राख्दैन थिए एक अर्कालाई, तिमी बिचमा नभएको भए कस्तो हुन्थ्यो होला माहोल म कल्पना पनि गर्न सक्दिनँ थिएँ । आखिरमा बिहे भएछ उनीहरूको । राम्रै त भयो ।”

ट्रेन आफ्नै रफ्तारमा कुदिरहेको थियो । एकै छिन मौन भयौँ हामी । मलाई पनि वर्षौंपछि ऊसँग भेटेकाले अतीतका थुप्रै थुप्रै रमाइला कुराहरू गर्न मन थियो ।

देखेँ, उसको आँखाको डिलमा अलि अलि चाउरी पर्न थालेछ । निधारमा केही धर्साहरू र हाँस्दा गालाका थोरै चाउरीपन पनि याद गरेँ ।
“तिमीमा त कति धेरै परिवर्तन आएछ !” निमेषभरको मौनता भङ्ग गर्दै सोधेँ मैले ।

मुसुक्क हास्यो ऊ र बोल्यो, "चालिस कटिगो, बुढो भइयो नि अब, सधैँ एकनास कहाँ हुन्छ र ? समय सँगसँगै लवाइ, खुवाइ, रङ्ग र सोचाइ सबै परिवर्तन पो हुँदोरहेछ..." खिसिक्क हाँस्यो ऊ ।
"तिमी त धेरै नबोल्ने मान्छे, धेरै नै बोल्ने भएछौ । पहिला म बोल्थे, तिमी सुन्थ्यौ अहिले तिमी बोल म सुन्छु ।"
ऊ चुप थियो, फेरि थपेँ, "अहिले पनि के बिग्र्या छ र ? बिहे गरेर घरजम गर्नु नि । यतातिर त यही उमेरमा त घरबार सुरु गर्छन् मान्छेहरू ।"
"भो अब त, एक्लै बाँच्ने बानी भैसक्यो ।"

मलाई उसको बारेमा अरू थुप्रै कुराहरू जान्ने हुटहुटी थियो मनमा । आफ्नो झर्नुपर्ने स्टेसन नजिकिँदै थियो ।
सधैँ काममा पुग्न हतार म, आजभने यो ट्रेन आफ्नो गन्तव्यमा बिस्तारै पुगे पनि हुन्थ्यो नि भन्ने सोच्दै थिएँ मनमा, नभन्दै ट्रेन १० मिनेट ढिला भयो ।

उसको आँखामा प्रेम झल्किएको थियो । एकक्षणको लागि लाग्यो म फेरी अरुणसँग गफिँदैछु कलेजको क्यान्टीनमा बसेर ।
उसले कफी खान जान आग्रह गर्‍यो तर मैले काममा उसै पनि ढिलो भएकाले जान अस्वीकार गरेँ । मेरो कुराले ऊ खिन्न भयो होला सायद !
उसले हाँस्दै भन्यो, "साँच्चै तिमीले मेरो फ्रेन्ड रिक्वेस्ट किन नस्वीकारेको फ़ेसबुकमा ?"
मैले हाँसेरै टारिदिएँ ।
"हुन त नजाने गाउँको बाटो किन सोध्नु भनेर होला नि ।"
"त्यस्तो पनि होइन..."
"भेट हुदा सन्जुले मलाई बेलाबेला तिम्रो फोटोहरू देखाउने गर्छे । तिमीले सारी लगाएको फोटो देख्दा हामी दुवै छक्क परेका थियौँ । रातो सारी, हरियो चोली, मङ्गलसूत्र र रातो सिन्दुरले कत्ति सुहाएको तिमीलाई, तर थाह छ ? मुस्कान चाहिँ अलि पुगेको

थिएन त्यो तस्बिरमा । हाँस्न पनि कन्जुस्याइँ गर्न थालेछौ नि ? सन्जु र म तिम्रो पहिलाको पहिरन र फोटोको पहिरनको तुलना गर्दै खुब हास्यौं..."

मैले बिचमै उसको कुरा काटेर सोधेँ, "साँच्ची सन्जु तिम्रो मामाको छोरी हैन ?"
उसले फेरि हाँस्दै भन्यो, "तिमी जहिल्यै कन्फ्युज के, फुपूको छोरी नि !"
मैले लामो जिब्रो निकाल्दै आँखा झिम्क्याएँ । सायद मेरो माफी माग्ने तरिका उसले बुझ्यो होला । अपनत्व जगाउँदै भन्यो, "हैट् लाटी !"

क्षणभरको मौनतापछि मैले सोधेँ, "कहाँ झर्ने हो तिमी ?"
"म त फिरन्ते न हुँ, तिमी जहाँ झर्छौ मेरो गन्तव्य पनि त्यही हुनेछ ।"
म अचम्म परे, कसरी यस्तो हुन सक्छ ? हामी त संयोगले बाटोमा भेटिएका हौ ।
"साच्चै ?"
"डर लाग्यो यहाँ पनि पछ्याउन लाग्यो भनेर ? हा हा हा !"
"होइन, होइन, टाइम्स स्क्वायर घुम्न हिँडेको ।"
यत्तिकैमा मेरो ओर्लने स्टेसन आइपुग्नै लागेको उसलाई जानकारी दिएँ । ट्रेन रोकिन गति बिस्तारै कम हुँदैथ्यो, हतार हतार उसले मेरो मोबाइल नम्बर माग्यो । सम्झेँ, कहीं मोबाइल नम्बर दिनाले मेरो जिन्दगीको गन्तव्य बदलियो भने ? उसलाई मोबाइल नम्बर दिन किन हो निको लागेन र दिइनँ पनि । ट्रेन रोकियो ।
मैले भनेँ, "म गएँ ल !"

भाग्यमा फेरि भेटिने लेखिएको छ भने फेरि भेट होला यसरी नै । अरुणको अनुहारमा अँध्यारो छायो तर कुनै प्रतिक्रिया नजनाई म बाहिरिएँ । ट्रेनको ढोका बन्द भयो ।

मैले चाहेर पनि पछाडि फर्केर हेरिनँ । आँखाभरि आफूलाई माया गर्ने, बेलुकी घर फर्किंदा सधैँ मलाई पर्खिरहने श्रीमान् र छोरी सम्झेँ । आँखा रसायो । त्यो भिडबाट पन्छिन हतार हतार भऱ्याङका खुडकिलाहरूतिर पाइला लम्काएँ ।

बाटोमा उनलाई सम्झिँदै गएँ... पहिला भन्दा अलि मोटाएछौ अरुण तर अनुहारको हिस्सी भने उस्तै रहेछ तिम्रो, माया लाग्दो । साँच्चै तिमी आजसम्म मेरै कारणले एक्लो छौ भने मलाई माफ गरिदेऊ । धोका थिएन त्यो, सायद हामी एक अर्काको लागि बनेका थिएनौ र, म यतिखेर जीवनको एउटा घुम्ती काटेर निकै पर पुगिसकेकी छु । तिमी तिम्रो खुसीमा रमाउनु...

काममा पुग्नै लागेको थिएँ, फोन बज्यो, "ह्याप्पी एनिभर्सरी बुढी ! आज सकेसम्म छिट्टै आउनु ल ! आज हाम्रो स्पेसल डिनरको लागि म्यानह्याट्टनको नयाँ रुफटप रेस्टुरेन्टमा छोरी र म पर्खिरहनेछौँ ।" त्यसैबेला छोरीले पनि ठुलो स्वर पारेर भन्दै थिई, "ह्याप्पी एनिभर्सरी मम्मी ।"

# भारतमा डायसपोरा नेपाली



नारायणप्रसाद होमगाई
कलकत्ता

'डायसपोरा नेपाली' भन्ने पदावलीले नेपालभन्दा बाहिर छरिएर रहेका नेपाली मूलका व्यक्तिहरूलाई बुझाउने गर्दछ। अर्को शब्दमा भन्नु पर्दा ती प्रवासी नेपालीहरू हुन्। नेपालले मुलुकबाहिर रहेका नेपालीहरूलाई दुई खण्डमा विभाजन गरेको छ -एउटा दक्षिण एसियामा रहेका नेपाली जसलाई एनआरएनको दर्जा दिएको छैन र अर्को दक्षिण एसिया बाहेकका सम्पूर्ण विदेशी राष्ट्रहरूमा रहेका नेपालीहरू जसलाई एनआरएनको दर्जा प्राप्त छ।

यसै दक्षिण एसियाका राष्ट्रमध्ये भारतको स्थितिलाई हेर्ने हो भने झनै भिन्न अवस्था देखिन्छ। किनकि यहाँ १९५० को सन्धिको कारण नेपाल भारतबिच पासपोर्ट र भिसाको आवश्यकता पर्दैन। यी दुई देशमा आउने र जाने (हवाई जहाजभन्दा बाहेकका) मानिसहरूको सङ्ख्या के कति छ भन्ने तथ्याङ्क न नेपाल सरकारसँग छ न भारतसँग। भन्न त भारतमा रहेका नेपालीहरूको संख्या विशाल छ भनेर मिडियाद्वारा अवास्तविक सङ्ख्या प्रचार गर्ने गरिन्छ तर यथार्थको आधारमा हेर्ने हो भने सैनिक र अन्य सबै क्षेत्रमा मिलाउदा सात लाखको भित्रै रहेको अनुमान गर्न सकिन्छ।

सन् १९९० भन्दा अघि नेपालले अन्य मुलुकमा श्रमिक पठाउने नीति तय गरेको थिएन जसको कारण विदेश जाने सबै भारतमै जाने गर्दथे। त्यतिखेरसम्म भारतमा नेपालीहरूलाई अवसर पनि

थियो, विशेष गरेर सुरक्षाको क्षेत्रमा चाहे त्यो पब्लिक होस् या प्राइभेट सबैमा नेपालीहरूलाई प्राथमिकतामा राख्ने गरिन्थ्यो । सन् १९९२ बाट भारत सरकारले आफ्नो आर्थिकनीति परिवर्तन गरेर खुला अर्थतन्त्रको बाटो अवलम्बन गऱ्यो । त्यसै समयबाट प्राइभेट सेकुरिटी कम्पनीहरू स्थापित हुँदै गए, जसमा नेपालीहरूभन्दा गैरनेपालीलाई नै प्राथमिकता दिने गरियो । आज नेपालीहरू पनि सकभर अन्य देश, नभए बरु खाडी, मलेसियाजस्ता देशतिर नै गैरहेका छन्, भारतमा खासै जान रुचाउँदैनन् ।

भारतमा रहेका नेपालीभाषी समुदायमा पनि पृथकता पाइने गर्दछ । सन् १८१६ को सुगौली सन्धिले भारतमा परेका नेपालीहरू आफ्नो मूलथलो नै भारत भएको स्वीकार गर्दै उनीहरू आफूलाई भारतीय मान्दछन् र प्रवासी भन्न पनि रुचाउन्नन् । यस्ता नेपालीहरू विशेष गरेर सिक्किम, दार्जिलिङ, गढ्वाल, देहरादुन, आसाम, मेघालय, मिजोरम आदि क्षेत्रहरूमा रहेका छन् । यी नेपाली भारतका अधिकांश सहरहरूमा भेटिने गर्दछन् तर ती आफ्नो मूल थलोभन्दा बाहिर रहे तापनि आफूलाई प्रवासी भन्दैनन् । हामीले उनीहरूलाई डायसपोरामा राख्नु हुदैन भन्ने मान्यता म पनि राख्दछु ।

भारतमा रहेको अर्कोथरी नेपाली हुन् नेपालबाट आफ्नो रोजगारी, व्यवसाय, राजनीतिक, अध्ययन र अन्य केही छोटो समयको निम्ति औषधोपचार या तीर्थाटनको लागि आउने । उल्लिखितमध्ये रोजगारी, व्यवसाय, राजनीतिक र अध्ययनभन्दा बाहिर गएर चर्चा गर्नु पर्लाजस्तो लाग्दैन । यसैमध्येका पनि अध्ययन गर्न आउनेहरू फर्केर जान्छन् नगण्यरूपमा कोही रहे भिन्नै कुरा । सन् १९९० भन्दा पहिले राजनीतिक संरक्षणको लागि र भारतमा बसेर राजनीतिक गर्नेको सङ्ख्या राम्रै हुने गर्दथ्यो । हालमा भन्नुपर्दा केही स्थापित राणा परिवार (ती पनि प्रत्यक्ष राजनीतिमा होइन) बाहेक अरु खासै छैनन् भन्दा हुन्छ । जहाँसम्म व्यवसायको कुरा छ

त्यसमा केही पुराना राणा घरानाका व्यक्ति कतैकतै अपरिचित रूपमा देखिन्छन् भने केही नेपाली नवयुवाहरू फाट्टफुट्ट देखा परेका छन् ।

अब हामी भारतमा स्थाई र अस्थाई रूपमा कार्यरत नेपालीहरूको विषयमा थोरै चर्चा गरौं जसलई हामी डायसपोरा या प्रवासी भन्दछौँ । १८१६ को सुगौली सन्धिपछि नेपालीहरूले ब्रिटिस भारतमा आउने वैधानिकता पाए । त्यहीँबाट नै हामीहरूको प्रवासिने क्रम सुरुभयो । विशेष गरेर गन्तव्यस्थान भारत बन्यो । ब्रिटिसमुक्त भारत बनिसकेपछि पनि यसको क्रम रोकिएन । सन् १९७० को दशकसम्म पनि साधारणले कुन नेपाली कताको हो भनेर सहजै छुट्टयाउन मुस्किल हुने गर्दथ्यो । जब असीको दशकको प्रारम्भिकबाट दार्जिलिङमा गोर्खाल्यान्ड आन्दोलन सुरु भयो तबबाट कुन नेपाली कतापटिको हो भनेर पहिचान गर्ने कार्यको थालनी सर्वसाधारणमा पनि हुनपुग्यो । नेपालबाट आएकाले आफूलाई प्रवासी नेपाली भनिरहे भने भारतीय नेपालीहरूले गोर्खा या भारतीय नेपाली भनेर आफूलाई प्रस्ट गरे ।

अधिकांश नेपालीहरू आफ्नो रोजगारीसँग मात्र जोडिएकोले आउजाउ बराबर गर्ने गर्दछन् । उनीहरूको आधार कार्ड पहिचान पत्र भारतको भए तापनि नेपाली नागरिक हुन् र प्रवासी नै भन्न रुचाउँछन् । केही श्रमजीवीहरू यस्ता पनि पाइएका छन्, उनीहरूसँग न नेपालको कुनै परिचयपत्र छ न भारतको । त्यस्ता व्यक्तिहरूलाई कुनैबेला केही समस्या पर्‍यो भने साह्रै अप्ठ्यारो पैदा हुने गर्दछ । यो एउटा सामाजिक सचेतनाको अभाव भन्न सकिन्छ ।

कतिपय प्रवासी नेपालीहरूले भारत बसेको तीन पुस्ता बितिसक्दा पनि आफूलाई प्रवासी नै भनिरहेका छन् भने केही केहीमा द्विविधा पनि देखिन थालेको छ । थोरै सङ्ख्या तर भारतमा लामो

समयदेखि स्थाई रूपमा कार्यरत प्रवासी नेपालीहरूले आफ्ना छोराछोरीलाई यहीँ राखेर शिक्षादीक्षा लिन सिकाए । उनीहरू भारतमा जन्मे, अध्ययनको साथसाथै यहीँ व्यापार, व्यवसाय र नोकरी सेवाजस्ता कार्य सुरु गरे । त्यस्ता व्यक्तिहरू वंशजको नाताले नेपालको नागरिकता पाउन योग्य देखिए तापनि वैधानिकताको कारणले भारतकै नागरिकमा सामेल हुनलागेको देखिन्छ । यिनीहरूको पैत्रिक सम्पत्ति नेपालमा छ, आधिकारिकता पनि त्यहीँ छ तर विस्तारै पलायनको उन्मुख देखिन्छन् ।

भारतमा उत्पादित दक्षशक्ति प्राप्त प्रवासीहरूको दोस्रो पुस्ता अत्यन्त ऊर्जावान्, जाँगरिलो र लगनशील देखिन्छ तर नेपाल सरकारले आज पनि तिनै चौकिदारको छोराछोरीको रूपमा आफ्नो नजरले हेरिरहेको छ । यिनीहरूलाई मुलुक भित्र्त्याएर व्यवस्थापन गर्ने हो भने राष्ट्रको उद्योग, वाणिज्य, व्यापार, प्राविधिक र विकासको प्रारूप परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेथिए । यस्ता व्यक्ति तयार गर्न सम्पूर्ण लगानी प्रवासी नेपालीहरूले नै गरेका छन् । नेपाल सरकारले यसमा फुट्टी पनि लगानी गर्नु परेको छैन । मुलुकबाहिर रहेका नेपालीहरूको राष्ट्र सेवा र देशभक्ति भावना अरु धेरै हुन्छ । उदाहरणको निम्ति जब भारतबाट ब्रिटिसले सत्ता छोडेर हिँड्न लागे, उनीहरूले यो देशलाई विभाजनको बाटो खोलिदिए । भारत पूर्व पाकिस्तान र पश्चिम पाकिस्तानमा विभाजित भयो । त्यहाँबाट ठुलो सङ्ख्यामा शिक्षित, बौद्धिक, चेतनशील र भरपूर राष्ट्रभक्ति चिन्तन बोकेका व्यक्तिहरू भारत प्रवेश गरे । तिनीहरूले यहाँको शिक्षा, साहित्य, संस्कृति, सिनेमा जगत् र प्राविधिक क्षेत्रमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरे ।

आज यदि नेपालले पनि प्रवासी नेपालीहरूको दोस्रो पुस्तालाई त्यसै गरी स्थान दिने हो भने देशको हितमै रहने देखिन्छ । त्यतिमात्र नभएर यिनीहरूसँग विद्या बुद्धिको साथै धेरथोर सञ्चित पुँजी र प्रविधि पनि छ, विस्तारै त्यसलाई प्रवेश गर्ने नीति तयारी

गर्ने हो भने देशको अर्थतन्त्रमा राम्रै टेवा पुऱ्याउँछ । हाम्रा ठुलाठुला योजनाहरू अत्यधिक विदेशी पुँजीको लगानीमा स्थापित छन्, ती लगानी कर्ताहरू नाफा कमाउनको लागि भित्रिएका हुन्, भोलि ब्याजसहित सबै फर्काएर लैजाने हुन् । त्यस ठाउँमा प्रवासी नेपालीहरूको पुँजीलाई प्राथमिकता दिने हो भने राष्ट्रको स्थिर पुजी हुन्छ, यो पलायन पनि हुँदैन । यसले पुनः पुँजी उत्पादन गर्ने छ र मुलुकलाई संवृद्धिको बाटोमा अगाडि बढाउने छ ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना प्रकट गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
रातमाटा मा.वि. सालघारी, खोलागाउँ, सिन्धुली

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक शुभकामना प्रकट गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
महाकाली मा.वि. पोटी, खाङसाङ, सिन्धुली

# चीनको शिक्षा प्रणाली : सङ्क्षिप्त चर्चा

डा. धनप्रसाद सुवेदी
सहप्राध्यापक
त्रिवि पाटन संयुक्त क्याम्पस

चीन प्रशान्त महासागरको पश्चिमी किनार, एसिया महादेशको पूर्वी भेगमा अवस्थित संसारमा एउटा विशाल देश हो । क्षेत्रफलका हिसाबमा रसिया, क्यानडा र संयुक्त राज्य अमेरिकापछिको संसारको चौथो ठुलो देश चीन झन्डै ९६ लाख वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यहाँ झन्डै १ अरब ४० करोड मानिसहरू बसोबास गर्छन् । चीन थुप्रै उच्च हिम शिखरहरू, २,००० भन्दा बढी तालहरू, २२०,००० किलोमिटर नदीहरू अनि लामो इतिहास, विविध संस्कृति र आफ्नै प्रकारको राजनीतिक प्रणाली भएको देश पनि हो । चीनको विशाल भूक्षेत्रलाई २२ प्रान्त, ५ स्वायत्त क्षेत्र, ४ नगरपालिका र २ विशेष क्षेत्रमा विभाजन गरिएको छ । यस आलेखका त्यही विशाल चीनको शिक्षा प्रणालीका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

चीनमा आधारभूत शिक्षा, उच्च शिक्षा र प्रौढ शिक्षाको व्यवस्था छ । प्रत्येक बच्चालाई ६ वर्ष प्राथमिक शिक्षा र तीन वर्ष निम्नमाध्यमिक गरी ९ वर्षसम्मको विद्यालय शिक्षा अनिवार्य गरिएको छ । त्यसपछि अध्ययनका दुई धार कायम गरिएको छ, साधारण माध्यमिक शिक्षा र विशेष वा व्यावसायिक/प्राविधिक माध्यमिक शिक्षा । साधारण माध्यमिक शिक्षामा ३ वर्ष निम्न र तीन वर्ष उच्च गरी ६ वर्षको हुन्छ । व्यावसायिक/प्राविधिक माध्यमिक शिक्षा दुईदेखि चार वर्षसम्मको हुनेगर्छ । उच्च माध्यमिक तह पार गरेपछि विश्वविद्यालय तहमा अध्ययन गर्नका लागि राष्ट्रिय उच्च शिक्षा प्रवेश परीक्षा पास गर्नुपर्छ । उच्च शिक्षाका हकमा ४ अथवा ५ बर्से स्नातक, ३ बर्से डिप्लोमा जस्ता कार्यक्रमहरू छन् । उच्च शिक्षामा पनि साधारण तथा प्राविधिक

विषयहरू छन् । एमए, पिएचडी, पोस्ट पिएचडीका कार्यक्रमहरू त छँदैछन् ।

चीनमा प्रौढ शिक्षालाई पनि उत्तिकै महत्त्व दिएको पाइन्छ । प्रौढहरूमा लागि पनि प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्मको अवसर दिइन्छ । दुर्गम क्षेत्रका प्रौढहरूका लागि साक्षरता कक्षा, श्रमिक प्राथमिक विद्यालय, किसान प्राथमिक विद्यालयहरू, प्रौढ माध्यमिक शिक्षा, प्रौढहरूका लागि उच्च शिक्षा, रेडियो/टिभी, अनलाइनबाट प्रौढ शिक्षा आदिको व्यवस्था गरिएको पाइन्छ ।

चीनमा सामान्यतः सेप्टेम्बरदेखि मध्यजनवरीसम्म एउटा र मार्चदेखि मध्य जुलाईसम्म अर्को गरी वर्षमा दुईओटा शैक्षिक सत्रको पढाइ हुने गरेको पाइन्छ । जनवरी आधा र फेब्रूअरी पुरै अनि जुलाई आधा र अगस्ट पुरै क्रमशः हिउँदे र बर्खे बिदा दिइने चलन छ । प्रायः सबै शैक्षिक संस्थाहरू सामान्यतः बिहान ७.३० बजे सुरु भएर (बिचमा २ घन्टा खाना खाने समयबाहेक) बेलुका ५, ६ बजेसम्म सञ्चालन हुन्छन् । त्यसका अतिरिक्त बेलुकाको १, २ घन्टा गृहकार्यका लागि छुट्याइएको पनि हुन सक्छ । हप्तामा शनिवार र आइतबारबाहेक ५ दिन कक्षा सञ्चालन हुन्छ । बिदाका दिनमा पनि अतिरिक्त कक्षा हुन सक्छ ।

चीनलाई खासगरी पश्चिमाहरूले एउटा रहस्यमय र बन्द मुलुकका रूपमा प्रचार गरेको पाइन्छ तर यथार्थमा त्यस्तो देखिँदैन । चीनको इतिहास धेरै उतारचढावयुक्त छ । चीनले लामो समयसम्म विदेशीहरूको हस्तक्षेपको सामना गरेको थियो, अफिम युद्धको सामना गरेको थियो र अझै पनि अमेरिकालगायतका देशसँग वैचारिक तथा आर्थिक लडाइँ लडिरहेको छ । चिनियाँ जनता वैदेशिक हस्तक्षेप, प्राकृतिक प्रकोप, महामारी, शासकहरूको असक्षमताका विरुद्धको लामो लडाइँमा विजय हासिल गरेर विकास र समृद्धिको लडाइँमा समेत अब्बल सावित भएका छन् । त्यसको प्रभाव चिनियाँ शिक्षा प्रणालीमा पनि कुनै न कुनै रूपमा देख्न

सकिन्छ । चीनको शिक्षामा देशको आवश्यकता, मौलिकता, पहिचान र स्वाभिमानलाई केन्द्रमा राखिएको देख्न सकिन्छ ।

चीनले आफ्नो देशको आवश्यकतालाई ध्यान दिएर पाठ्यक्रम बनाउँछ अनि सैद्धान्तिक भन्दा व्यावहारिक शिक्षामा जोड दिन्छ । चिनियाँ सरकारले विज्ञान, प्रविधि र अनुसन्धानका क्षेत्रमा राम्रो लगानी गरेको देखिन्छ । एउटा राम्रो जर्नलमा अनुसन्धान लेख छपाउने प्राध्यापक, विद्यार्थीलाई विश्वविद्यालयले आकर्षक पुरस्कार दिन्छ । अझ उत्कृष्ट अनुसन्धान गरी आफ्नो देशको नाम राख्नेलाई त लाखौँ रुपियाँका पुरस्कार पनि छन् । त्यसैले त्यहाँ राम्रा जर्नलमा अनुसन्धान लेख छपाउन र अनुसन्धानमा समर्पित हुन विद्यार्थी र प्राध्यापकहरू तँछाडमछाड गर्छन् । नेपालमा जस्तो शुल्क तिरेर अनुसन्धानमूलक लेख छपाउनुपर्ने, आफ्नै खर्चमा पिएचडी गर्नुपर्ने विडम्बना त्यहाँ छैन ।

नेपालमा भाषाका विषय मात्र होइन, इतिहास, संस्कृति, भूगोल र अझ भन्नुपर्दा सिङ्गो मानविकी तथा सामाजिक शास्त्रका विषयहरू उपेक्षित छन् । चीनमा विज्ञान प्रविधिलाई जोड दिइन्छ तर भाषा, इतिहास, संस्कृति, दर्शन जस्ता विषयलाई पनि त्यत्तिकै महत्त्व दिइएको पाइन्छ । चीनले आफूलाई चाहिने विज्ञान, प्रविधि, चिकित्सा, इन्जिनियरिङ आदि ज्ञानविज्ञानका हरेक विषयलाई चिनियाँ भाषामा उपलब्ध गराएको छ । चिनियाँ भाषा मात्रै जानेकाले जुनसुकै विषय पढ्न सक्छन् । अङ्ग्रेजी र गुगलको उपयोग नगरीकनै ज्ञानविज्ञानका सबै कुरा चिनियाँ भाषामा र चीनको आफ्नै इन्टरनेट प्रविधिमा उपलब्ध छन् । चीनले विदेशी विद्यार्थीलाई पनि आकर्षक छात्रवृत्ति दिएर प्राविधिक तथा सैद्धान्तिक दुवै प्रकारका शिक्षा दिइरहेको छ ।

चीनमा प्राविधिक तथा सैद्धान्तिक हरेक विषयको पढाइको माध्यम भाषा चिनियाँ हो । अङ्ग्रेजी माध्यमबाट पढ्नेले पनि चिनियाँ भाषाको खास कोर्स भने पूरा गर्नैपर्छ । यति हुँदाहुँदै पनि

चीनले अङ्ग्रेजीको अध्ययनलाई पनि उत्तिकै जोड दिएको छ । साथसाथै जापानी, रुसी, जर्मन, हिन्दी आदि भाषाको अध्ययनलाई पनि जोड दिएको पाइन्छ । त्यति मात्र होइन, उसले आफ्ना छिमेकी देशमा बोलिने नेपाली, उर्दू, बर्मेली, थाई, मलाया, कोरियन, तमिल, बङ्गाली, सिंहाली आदि भाषाको अध्ययनलाई पनि प्राथमिकतामा राखेको पाइन्छ ।

भाषा मानव सभ्यता विकासको एउटा महत्त्वपूर्ण आधार हो । ज्ञान विज्ञानका हरेक कुरालाई आफ्नो भाषामा राख्न सकेकाले अङ्ग्रेजहरू संसारमा सबैभन्दा शक्तिशाली भए । चिनियाँ, जापानीहरूले पनि आफूलाई चाहिने सारा कुराहरू आफ्ना भाषामा भन्न, पढ्न र लेख्न सक्ने बनाएका छन् र संसारमा अगाडि छन् । चीनका राष्ट्रपति नेपालमा गएर निर्धक्क आफ्नो भाषामा बोल्छन् र आफ्नै देशका नागरिकलाई नेपाली भाषामा अनुवाद गर्न लगाएर भन्छन्, "भर्खरै तपाईको भाषामा नमस्ते भनेँ, त्यो त्यति राम्रो छैन होला ।" हामीकहाँ जाबो नेपाली पढेर के हुन्छ ? भन्ने मनोविज्ञान छ । कुनै नेताले राम्रोसँग अङ्ग्रेजी बोल्न जानेन भनेर खिसीट्युरी गरिन्छ । तर चिनियाँ राष्ट्रपति विदेश भ्रमणका अवसरमा पनि निर्धक्क आफ्नो भाषामा भाषण गर्छन् । नेपाल भ्रमणका क्रममा उनले चिनियाँ भाषामा गरेको भाषणलाई चिनियाँ युवतीले नेपालीमा अनुवाद गरेर सुनाइन् । के चिनियाँ राष्ट्रपतिले अङ्ग्रेजी नजानेर चिनियाँ भाषामा बोलेका हुन् ? नेपालका नेताहरूले अङ्ग्रेजी बुझ्दैनन् भनेर राष्ट्रपतिको भाषणलाई अङ्ग्रेजीमा नभएर नेपालीमा अनुवाद गरेको हो ? यही एउटा उदाहरणबाट पनि हामी चिनियाँ भाषानीति र चिनियाँ शिक्षा प्रणालीको आधार के रहेछ भन्ने कुराको अनुमान गर्न सक्छौँ ।

चिनियाँ विश्वविद्यालयहरूले स्पष्ट योजनासहितको पढाइ तथा अनुसन्धानका कामलाई अघि बढाएको देखिन्छ । त्यहाँका प्रान्तीय विश्वविद्यालयहरू आफ्नो प्रान्त तथा सिङ्गो देशको

आवश्यकतासँग जोडिएर त्यही अनुरूप जनशक्ति निर्माणको स्पष्ट उद्देश्यबाट सञ्चालित देखिन्छन् । राष्ट्रिय आवश्यकता अनि राष्ट्रिय हितलाई केन्द्रबिन्दु बनाएर यहाँका विश्वविद्यालयहरू सञ्चालित छन् । उदाहरणका लागि युनान मिन्चु विश्वविद्यालयले दक्षिण पूर्व एसियामा 'एक बेल्ट र एक सडक', दक्षिण पूर्व एसिया रेडिएसन केन्द्रको निर्माण अनि युनान स्वतन्त्र व्यापार क्षेत्रको निर्माणका लागि जनशक्ति उत्पादन गरिरहेको भनी आफ्ना प्रकाशनहरूमा सगर्व लेख्छ । त्यहाँका विश्वविद्यालयमा चिनियाँ अल्पसङ्ख्यक जातिका भाषा, संस्कृतिको अध्ययनमा जोड दिनका साथै ती जातिका विद्यार्थीहरूलाई पढाइमा विशेष सुविधा दिई तिनीहरूलाई विभिन्न क्षेत्रका विशेषज्ञ बनाउने योजनाका साथ काम गरेको देखिन्छ । समग्रमा हेर्दा चीनमा स्थानीय, राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय आवश्यकताअनुरूप विद्यालय, विश्वविद्यालयहरू सञ्चालित छन् । आफूलाई चिन्ने अनि अरुलाई चिन्ने र समयानुकूल दक्ष, योग्य र स्वाभिमान नागरिक उत्पादन गर्ने उद्देश्यबाट चिनियाँ शिक्षा प्रणाली परिचालित देखिन्छ ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह'* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
भुटनदेवी मा.वि. हेटौँडा, मकवानपुर

# सिकाइ सहजीकरणका वैकल्पिक उपाय

डा. गणेशप्रसाद भट्टराई
निर्देशक, पाठ्यक्रम विकास केन्द्र

**सारांश**

पढाइ र सिकाइ भिन्न अवधारण हुन् । हामी पढाउने परम्पराबाट हुर्केका छौँ, विश्वमा आएको परिवर्तन र महामारीका कारण अब सिकाउने पद्धतिमा पदार्पण गर्नुपर्ने बेला आएको छ । हाम्रो सिकाइ पद्धतिमा शिक्षणसिकाइ प्रक्रियाको मूल आधार मानिने पाठ्यक्रमले विद्यार्थीको सिकाइका लागि सक्षमता र सिकाइ उपलब्धिको निर्धारण गरेको हुन्छ । पाठ्यक्रमले सिकाइका मुख्य क्षेत्रलाई ज्ञान, सिप, अभिवृत्ति, मूल्य र तत्परता विकासका दृष्टिले संयोजन गरेको हुन्छ । पाठ्यक्रमका सिकाइ उपलब्धि पूरा गर्न शिक्षकले विद्यार्थीको रुचि, आवश्यकता र क्षमताअनुकूलका पाठ्यवस्तुको निर्धारण गरी उपयुक्त शैक्षिक सामग्री र वैकल्पिक शिक्षण विधिका माध्यमले विद्यार्थीलाई सिकाइ कार्यकलापमा सहभागी गराउनुपर्छ । यस लेखमा सम्बद्ध सरोकारवालाको जानकारीका लागि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ र पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ का आधारमा समीक्षात्मक प्रस्तुति गरिएको छ ।

## १. विषय प्रवेश

विश्वमा कोभिड १९ को सङ्क्रमण भएका कारण नेपालमा शैक्षिक वर्ष २०७७ देखि विद्यालयमा गहन तरिकाले प्रत्यक्ष साक्षत्कार कक्षा हुन सकेको छैन । हाम्रा विद्यालयमा पढाउने प्रचलन छ । आफूमा भएको ज्ञान विद्यार्थीमा हस्तान्तरण गराउनुलाई हामीले शिक्षण सिकाइको उपलब्धि मानेका छौँ तर महामारीले पढाउने प्रचलनलाई सिकाउने प्रचलनतर्फ धकेलिदिएको छ । महामारीका कारण विद्यालय बन्द छन् तर सिकाइको ढोका बन्द भएको छैन । बन्द गर्नु पनि हुँदैन । विभिन्न प्रविधिको प्रयोग गरेर सिकाइलाई

निरन्तरता दिन नेपालका विद्यालयले सिकाइ प्रक्रियामा विविधता ल्याउनु आवश्यक छ ।

सङ्क्रमण कालमै नेपालका विद्यालयले शिक्षणसिकाइका वैकल्पिक उपायको अवलम्बन गरेका छन् । यसका लागि बालबालिको परिवेशअनुकूल सिकाइ प्रक्रियालाई स्थानीयकरण र सन्दर्भीकरण गर्ने अभ्यास समेत भएको छ । पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गरेर परिवेशमुखी शिक्षणको समेत अभ्यास भएको छ । यस अवस्थामा दूर तथा खुला शिक्षालगायतका प्रणालीलाई सिकाइ सहजीकरणको मूल प्रणालीका रूपमा अवलम्बन गर्ने अभ्यास समेत गरिएको छ ।

## २. शिक्षण सिकाइलाई सरलीकरण गर्ने उपाय

प्रत्यक्ष साक्षात्कार सिकाइबाहेकको वैकल्पिक सिकाइलाई निरन्तरता दिँदा शिक्षकले मुख्य पाठ्यवस्तु (Core Content) र शिक्षकको निर्देशनमा र विद्यार्थीको आफ्नै प्रयासमा सिकाइ हुन सक्ने पाठ्यवस्तु (sub -core content) निर्धारण गर्नु आवश्यक छ । यसका लागि पाठ्यक्रमका मिल्दाजुल्दा पाठ्यवस्तु एवम् सिकाइ उपलब्धिलाई एकै पटक सिकाउने गरी पाठ्यक्रमका पाठ्यवस्तु समायोजन गर्न सकिन्छ । यस्तै कुनै विषयमा पटकपटक दोहोरिने वा सिकाइ सामान्य स्तरीकरण मात्र भई सिकिसकेको पाठ्यवस्तुलाई थप स्थायित्व दिन अभ्यास गरिने प्रकृतिका सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई एकै पटक शिक्षण गर्ने शिक्षण कौशल प्रयोग पनि प्रयोग गर्न सकिन्छ। पाठ्यक्रमका सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई समूहमा विभाजन गरेर एउटा समूहका सबै पाठ्यवस्तुलाई एकैसाथ शिक्षण गर्न पनि सकिन्छ । यस्तै सिकाइका लागि शिक्षकको प्रत्यक्ष सहजीकरण आवश्यक पर्ने र शिक्षकको निर्देशनमा विद्यार्थी आफैँले गर्न सक्ने गरी सिकाइ उपलब्धि तथा पाठ्यवस्तुको प्राथमिकीकरण गरेर एकपटक सिकिसकेको सिकाइ उपलब्धि बारम्बार दोहोरिएमा त्यसलाई एकपटक मात्र सिकाएर सोसम्बन्धी अन्य कार्यकलाप विद्यालयबाहिर पढेर, सुनेर, हेरेर र गरेर सिक्ने वातावरण सिर्जना

गर्न सकिन्छ । तल्लो कक्षामा सिकिसकेका, अभिभावक, दाजुदिदी र ाथिल्ला कक्षाका विद्यार्थीबाट सिक्न सक्ने, शिक्षकको निर्देशनमा आफैँ सिक्न सक्ने, इन्टरनेट, सञ्चार माध्यम र सामाजिक सञ्जालबाट सिक्न सक्ने र ाठ्यपुस्तक र पुस्तकालयबाट सिक्न सक्ने सिकाइ उपलब्धि र पाठ्यवस्तुलाई दोस्रो प्राथमिकतामा राखी घरलाई सिकाइ केन्द्रका रूपमा विकास गर्न सकिन्छ । महामारी, आपत्काल, चरम द्वन्द्व, आन्दोलनजस्ता समयमा पाठ्यक्रमका निश्चित सिकाइ उपलब्धि र पाठ्यवस्तु सिकाउनुनपर्ने गरी समायोजन गर्न समेत सकिन्छ ।

## ३. सिकाइ सहजीकरण प्रक्रिया

शिक्षकले पाठ्यपुस्तकका पाठ पढाएर सक्ने सोचबाट मुक्त हुनुपर्छ र विद्यालयभित्र र बाहिर सिकाइलाई निरन्तरता दिन अभ्यस्त हुनुपर्छ । पाठ्यक्रममा आधारित सिकाइ उपलब्धि पूरा गर्न वैकल्पिक विधिको प्रयोग गर्नु आवश्यक छ । शिक्षकले शिक्षक निर्देशिका, तालिम प्याकेजको अध्ययन, अनुभवी शिक्षक प्रशिक्षकसँग छलफल, स्थानीय विज्ञ व्यक्तिसँगको परामर्श र अध्ययन गरी महामारीका अवस्थामा विद्यार्थीको सिकाइलाई प्रभावकारी रूपमा निरन्तरता दिने विधिको चयन गरी प्रयोग गर्नुपर्छ । प्रत्यक्ष साक्षात्कार कक्षा हुन नसकेका बेला गृह शिक्षा वा घरमै बसेर गरिने सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षा जस्ता तरिका वैकल्पिक शिक्षाका उपयोगी र प्रभावकारी माध्यम हुन सक्छन् । शिक्षकले विद्यार्थीको सिकाइलाई निरन्तरता दिने सामूहिक सिकाइ (Collaborative learning),परिवेशजन्य सिकाइ (Situational learning), प्रविधिमा आधारित सिकाइ (Technology based learning), सिकाइ बाकससहितको टोल सिकाइ केन्द्र, मिट वन टिच वन जस्ता वैकल्पिक विधिको प्रयोग गर्नुपर्छ ।

शिक्षकले आफ्नो प्रत्यक्ष सहयोग चाहिने, आंशिक सहयोग चाहिने पाठ्यवस्तु सहजीकरणका लागि उपयुक्त विधि, सामग्री र माध्यम चयन गर्ने र विद्यार्थीले पनि घरमै बसेर पुस्तक अध्ययन गर्ने,

शिक्षकले दिएका परियोजना कार्य गर्ने, गृहकार्य गर्ने, रेडियो सुन्ने, टेलिभिजन हेर्ने, इन्टरनेटका सामग्री अध्ययन गर्ने, अनलाइन कक्षा लिने विकल्पमध्ये उपयुक्त विधिबाट अध्ययन गर्न र वद्यार्थीले सिकेका कुराको पृष्ठपोषण लिन सहजीकरण गर्नुपर्छ । विद्यार्थी स्वयम्ले सिक्नुपर्ने पाठ्यवस्तुको सिकाइका लागि शिक्षकले कुन कुन विषय कसरी सिक्न भन्ने निर्देशन तयार पारेर विद्यार्थीलाई उपलब्ध गराउनुपर्छ । यस्ता विषयको सिकाइमा अभिभावक, परिवारका सदस्य, छरछिमेकी, माथिल्लो कक्षाका विद्यार्थी, सहपाठी र स्वयम्सेवकले सहयोग गर्न सक्ने भएकाले शिक्षकले आफ्ना विद्यार्थीलाई उनीहरूबाट सिक्न सल्लाह प्रदान गर्नुपर्छ । आफूलाई स्पष्ट नभएका कुरा शिक्षकलाई टेलिफोन गरेर, भेटेर वा जिज्ञासा लेखेर कसैमार्फत् शिक्षकसम्म पुऱ्याएर पनि सोध्न सक्ने व्यवस्था मिलाउनुपर्छ ।

सिकाइ प्रक्रियामा विद्यार्थीको सक्रियता बढाउन शिक्षकले विभिन्न कार्यकलाप गराउन सक्छन् । सिकाइका लागि गरिने क्रियाकलापमा विद्यार्थीलाई सक्रिय बनाउन आवश्यकता र उपयुक्तताका आधारमा निम्नानुसारका क्रियाकलाप गराउन सकिन्छ :

| क्र.सं. | क्रियाकलाप/विधि | प्रयोग गर्ने तरिका तथा प्रक्रिया |
|---|---|---|
| १ | के. डब्ल्यु. एल. चार्ट (KWL Chart) | के. डब्ल्यु. एल.मा तीन महल बनाई पहिलो महलमा विद्यार्थीहरूजानेका कुरा, दोस्रो महलमा विद्यार्थीले जान्न चाहेका कुरा र तेस्रो महलमा विद्यार्थीले विकास गरेको ज्ञान वा अवधारणा उल्लेख गरी विद्यार्थीको पूर्व ज्ञान परीक्षण गर्न र सिकाइको अनुगमन तथा परीक्षण गर्न समेत सकिन्छ । |

| | | |
|---|---|---|
| २ | भित्ते चित्र सहकारी (Cooperative Graffiti) | यसमा विद्यार्थीलाई समूहमा छलफल गरेर वा एक्लै विचार गरेर सिकेका कुरा चार्ट पेपरमा लेखी प्रदर्शन गर्न लगाउन सकिन्छ । |
| ३ | सोच, जोडी बनाऊ अनि विचार आदान प्रदान गर (Think-pair-share) | यसबाट विद्यार्थीलाई सिकाइ, समस्या समाधान र प्रश्नको उत्तर खोजीमा सहकार्य गर्ने बानी विकास गराउन सकिन्छ । |
| ४ | राउन्ड टेबल छलफल (Round table discussion) | यसबाट विद्यार्थीलाई सानो समूहमा छलफल गरेर टोली नेतामार्फत प्रस्तुत गराउने शिल्प विकास गर्न सकिन्छ । |
| ५ | समूह अनुसन्धान (Group investigation) | यसमा विद्यार्थीहरूलाई परियोजना कार्य दिएर सिकाइ कार्य गराउन सकिन्छ । |
| ६ | वरपर लेखाइ (Write around) | यसमा शिक्षकबाट शिक्षकले कुनै विचार वा प्रश्न वा विषय दिई विद्यार्थीहरूलाई आफ्नो विचार वा प्रश्नको उत्तर कागजमा लेख्न लगाइन्छ र सबै विद्यार्थीले लेखेको उत्तरलाई तुलना गर्न लगाइन्छ । |
| ७ | ग्यालरी हिँडाइ (Gallary walk) | यसमा विद्यार्थीहरूले आफूले गरेको काम कक्षा कोठामा प्रदर्शन गर्छन् र सबै विद्यार्थीहरूले आफ्नो सहपाठी साथीहरूले गरेको काम अवलोकन गर्दै हिँड्छन् । अवलोकन गर्दा विद्यार्थीले |

| | | |
|---|---|---|
| | | साथीहरूले सोधेका प्रश्नहरूको उत्तर पनि दिन्छन् । |
| ८ | शीघ्र लेखन (Quick write) | यसमा ३ देखि ५ मिनटसम्म कुनै विषय वा प्रसङ्गमा विद्यार्थीहरूलाई उनीहरूको विचार लेख्न लगाइन्छ । यसबाट विद्यार्थीको पूर्वज्ञान जाँच्न, उनीहरूको ज्ञान र बुझाइ जाँच्न, कुनै पनि पाठको सारांश बताउन, प्रत्यावर्तन गर्न सक्ने बनाउन, रचनात्मक चिन्तन र महङ्खवपूर्ण सोच विकास गराउन सकिन्छ । |

हामी पढाउने मानसिकतामा छौँ, परिवेशले सिकाउने तरिका खोजेको छ । अबको सिकाइ विद्यालय र कक्षाकोठामा मात्र सीमित नभई परिवार र समुदायमा पनि हुन सक्छ । Learning by doing / doing by learning दुवै सिकाइका तरिका हुन् । महामारीका कारण प्रत्यक्ष कक्षा सञ्चालन हुन नसक्दा वा अब प्रत्यक्ष कक्षा हुँदा समेत सिकाइका वैकल्पिक तरिकालाई सिकाइका माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ । शिक्षणसिकाइका सल्दर्भमा शिक्षक सुकेका नरिवलले भरिएको बट्टा जस्तो नभई शिक्षण कौशलरूपी पानी भरिएको बट्टा जस्तै बन्नुपर्छ । यसका लागि शिक्षकले आफूलाई हरक्षण नवीन शिक्षण कौशलयुक्त बनाउनु आवश्यक छ । ज्ञान, प्रविधि र प्राविधिक शिल्प शिक्षणसिकाइका लागि अत्यावश्यकीय पक्ष हुन् । विद्यार्थीको सिकाइका लागि जस्तोसुकै समयमा निरन्तरता दिन आजका शिक्षकले आफूलाई शैक्षणिक र प्राविधिक शिक्षकका रूपमा रूपान्तरण गर्नु आवश्यक छ ।

**सन्दर्भ सामग्री**

विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।

पाठ्यवस्तु समायोजन ढाँचा, २०७७, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको हार्दिक शुभकामना प्रकट गर्दछौं ।

**क्याम्पस प्रमुख**
तथा समस्त क्याम्पस परिवार
सहिद नारायण पोखरेल रामपुर क्याम्पस
सैनामैना, रूपन्देही

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित *मोलुङ ज्ञानप्रवाह* मार्फत महान् सांस्कृतिक चाडपर्व तिहार, नेपाल संवत् एवम् छठको अवसरमा देशविदेशमा रहेका नेपालीहरूप्रति शान्ति, प्रगति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**क्याम्पस प्रमुख**
तथा समस्त क्याम्पस परिवार
यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस
सुद्धोदन, रमवापुर, रूपन्देही

# Current understanding of disaster and risk reduction approaches in Nepal



Junu Uprety
Engineering Geologist
upretyjunu1@gmail.com

Being multi-dimensional phenomena, neither predictable nor always manageable, natural disasters are truths from which no one can escape. The physical as well as socio-economical losses and the emotional impacts caused by these disasters are particularly expensive to manage for developing countries like Nepal. Being in active tectonics of emerging Himalaya, Nepal suffers from multiple recurrent hazards. Its exposure to disaster risks is heightened by fragile geology, steep topography, extreme weather conditions and climate change impacts.

Multitude of triggering factors such as geological, ecological, hydro meteorological, demographic factors such as rapid population growth, increasing population density, environmental degradation by deforestation, fragility of landmass, poor building practices and no enforcement of building code with unplanned urbanization, insufficient emergency preparedness, lack of awareness and topography pose huge disaster vulnerabilities in Nepal.

Frequently affected by unpredicted events of natural disasters, Nepal lies in high seismicity of the Himalaya leading to massive and larger magnitude earthquakes, Gorkha earthquake alone killing 8979 people in 2015. Along with intense monsoon precipitation and weak geological conditions, the geography of Nepal is sensitive to landslides, flood, snow avalanche, glacial lake outburst flood, hot wave, cold waves. Epidemics of diarrhea, malaria, measles, influenzas, typhoid in the past have killed more than 15000 people and pandemics like COVID-19 killing more than 10000 people from 2020 to recent times, has questioned our understanding, adequacy in resources and monitoring and preparedness.

Preparedness starts with government policies and their implementation to the individual level. Nepal from its legislative journey from Natural Calamity Act, 2039 BS to Constitution (2072) and Disaster Risk Reduction and Management (DRRM) Act 2074, is exercising its own disaster risk management programs. DRRM Act 2074 has made provisions for disaster management with federal levels DRRM National Council, Executive Committee and National Disaster Risk Reduction and Management Authority (NDRRMA) and with amendment in 2075 to add provisions for Province Disaster Management Council as well as Local Government Operationalization Act 2074 for local governments. With DRRM Regulations 2076, elaboration in decision-making mechanisms and resources strengthening is continuing. Nepal is committed to implementation of Sendai Framework 2015-2030 AD with its limited trained human and financial resources to achieve all global targets and priorities for action by 2030 along with Disaster Risk

Reduction National Strategic Action Plan 2018-2030 for providing a comprehensive planning framework for disaster risk management and reduction in Nepal.

Focus had been only to rescue and relief. Disaster mitigation and preparedness have always been ignored, even post-disaster response of government through rescue, relief and rehabilitation measures have been insufficient most of the time. Nepal Army, Nepal Police and Armed Police Force if equipped with high-tech equipment and technologies can carry out more effectively search and rescue programs. The inescapable policy implication for developing countries like Nepal, which tend to suffer the bulk of natural disasters, is that investing in anticipatory measures such as rigorous building codes, early warning systems and emergency response plans may yield sizable benefits in the medium and long run.

Measuring, monitoring, and mobilizing the community role for the multi-hazard context is a proven approach in disaster risk management. From worldwide understanding, community-based knowledge sharing, implementation of building codes, retrofitting of schools and hospitals, early warning systems, hazard and risk mapping and developing capacities for mitigation, preparedness, rescue, and recovery has minimized the impact of disasters. Community participation in disaster preparedness planning program is doing well in the field of awareness and preparedness for some disasters. After the Gorkha Earthquake, an institutionalization of disaster risk reduction and management system including Disaster Management Information System has been established which helps in disaster risk reduction, preparedness and

response capability of the country will be strengthened and more robust data and information will be readily available for risk informed financing and planning in the overall development process. NRA is making its continuous effort for reconstruction, rehabilitation and earthquake resilience building for earthquake resilience community.

By using engineering, geological and ecosystem based integrated approach for disaster risk reduction, we must address causal factors of disasters, exposure and vulnerability reduction, management of environmental and resources and improved preparedness. Probable estimation of risks permits a better understanding of levels of disaster risk whereas relevant partners develop disaster management plans and carry them out appropriately which provide valuable services to reduce the risks and recover from disasters. Modeling of hazardous processes to reduce risks, using remote sensing data, hazard mapping, the applicability and use of advanced equipment helps in understanding our hazard scenario for better planning. Integrating public education for disaster risk reduction by assessment and planning by vulnerability and capacity assessment, advocacy, early warning systems, preparedness, response and recovery.

A realistic attitude to reduce the effect of disasters in the country requires a more extensive approach that comprises both pre-disaster risk reduction and post-disaster recovery. Along with identification of risk, risk transfer, emergency preparedness and response, post disaster rehabilitation and reconstruction using scientific and technical aspects is a need for strong fight back against natural disasters. Policy formation and

institutional setup alone does not give much expected output unless they are conducted with ability and competence to do tasks to meet the objectives of the policies.

We must see these past and recent disasters as an experience for better tomorrow by sensibly analyzing missing things in these disasters and improving for better mitigation, preparedness, rescue and recovery. Government has neglected the scientific aspect of disaster, which plays a vital role in identifying risks, hazards, and their vulnerabilities. So, there is a need for educating people and policy makers of this country about the need for research and modeling of such disasters forbetter preparedness and mitigation.

We express our best wishes for the success of *Molung Gyanpravaha* published by Molung Foundation to disseminate knowledge, scholarship, and updated information to children and adults living in Nepal and abroad.

Happy upcoming festivals!

**Founder Director**
and the entire school family
GEMS School, Dhapakhel, Lalitpur

# Increasing your Self Worth and Overcoming the Judgement



Istuti Khadka
Grdae 10
Gems School, Hativan, Lalitpur

Our society is full of eyes filled with love but also judgement. Every step you take, people are watching you closely and judging you for it. It's just something you can't escape – a closed loop where you keep on rotating and reaching nowhere. In the end, you never do what you intended.

Yo can never take the step forward. Why? Just because you're scared of the judgement. You are terrified of thinking what people will say when they see you this way or how your friends will perceive you as. You try your best but people still find a tiny stain in your clean slate and judge you for it. Judging someone is human nature and is inescapable. But something which can help even a bit is increasing your self-worth.

Self-worth, often conveyed as self-respect, is the perception of yourself by you. People often underestimate themselves and have low self-worth. They set the standards too high for themselves. They

have endless expectations for themselves, which results in neither satisfaction nor fulfilment of their goals. So the first step is to lower your standards. Change your definition of being perfect. Being perfect does not only mean being intelligent, punctual and pretty. Sometimes, being perfect is admitting your flaws and working on them.

Confidence is also another factor that can help us in increasing our self-worth. Being confident about yourself will eliminate any possibility of you being affected by what others say. Confidence is not something that can be developed overnight. We need to be consistent and try to love ourselves a bit more every day. We need to praise ourselves when we have done something worthwhile and we need to take a break when we need one. Being less hard on yourself and forgiving yourself can be very helpful when increasing your self-worth.

Lastly, learn to let things go. Don't dwell on the past. It is not going to help anyone. Remember you are what you define and just putting a fake cover on the outside while suffering on the inside is not what you want. Just accept your flaws and take a step forward.

Mel Eve says, " You may be shattered into a hundred pieces and you may be crumbled into a hundred emotions but just like cracked marble this is what makes you so beautiful." So remember it may be others who judge you but it's you who can decide on how to perceive it. It may be others who encourage you but it's you who needs to take the step. It is you who can love yourself and only you can live your life. So live it your best.

# Never Give up!



Nancy Lamichhane
Grade 10
Gems School, Dhapakhel Lalitpur

What is life's most important lesson? Is it to thrive for success? Or being ourselves? Yes, these things are there, I don't deny them! But for me the most important lesson that I have learnt is to never give up. Always try. If you fall, then get back up and try again. It doesn't matter if it is the first time or the millionth time, but the thing that matters is that you must always get back up again. Regardless of what challenges you are facing, you must keep pushing yourself forward. Believe me, life isn't going to slow down for you, so you have to work to keep up with life. Each time you get up, don't see the pain as losers do. Each time you get up, there is more character, more strength you have developed. So, never stop on your move!

It's a real that life has challenges, that it has obstacles. And every time you try to do something, a challenge appears. This is life. Life is always not about winning. Its enormous part is to fall back down and to get up again. Life's greatest teaching is NEVER GIVE UP!

You people wish for a life with comfort, a life with no pain. But let me ask you. Do you like adventure? I am a teenager and I love adventure,

maybe you too (just guess). So, I assume that the majority answer is “YES”. And now let me ask you WHY? I guess you people should be abhorring it , as it has challenges and pain. But, you told me you like adventures. Don’t you like being a main character in the biggest adventure, for instance? How would your LIFE without challenges be? Imagine it. Filled with happiness, comfortable? I am sorry to say I don’t think so. Life would be veritably monotonous. We wouldn’t learn anything. Our life would be worthless. And if there is no pain in life, there is no gain in life!

If you don’t succeed in everything you, you think we are not proficient enough in doing anything. But, let me tell you that you don’t have to succeed in everything you do. Sometimes and may be in most of the cases it just matters that you showed up to try. If you are unhappy with today’s performance, be wise enough to think there’s always tomorrow. I have heard many people talk themselves out of trying because they are afraid of making a mistake. But, never be afraid making mistakes. You may often make mistakes, but that should not be the excuse to GIVE UP! And remember that mistakes are the proof that you are trying. Most famous people and companies started from humble beginnings. In the first year of business, Coca-Cola only vended 400 cokes Rowling’s “Harry Potter” was rejected by 12 publishing companies. But today Rowling’s “HARRY POTTER” has made her world’s first billionaire author and Coca-Cola has become one of the world's most renowned companies. If they had given up at that time, then they wouldn’t have been succesful persons in the world. These people serve as the living

proof that success isn't instant. You must never give up and try again and again.

You may want to exchange your life with someone else. But always remember, everyone has their own struggle in their life, which may be bigger than yours. But still they don't give up and so you shouldn't. Go to a local hospital and see people fighting against diseases that can't be cured. Go to a local community where people's greatest foe is hunger, where people don't have a place to live and clothes to wear. Now, compare your challenge with this. It's nothing compared to this, isn't it? So, get up, pull your socks and never give up even if you fail!

NEVER GIVE UP does not always mean you should keep at a useless cause. It means to never ever give up on the greater life that you deserve. You might have to change your approach "HOW" you will get there, but just never give up on your dream life, because you dreamt it and no one else dreamt it for you and no one else is going to help you achieve that. It's you who must find a way to reach your dream. And always remember, there is always a way if you are willing to find a way!

We express our best wishes to all Nepalis living at home and abroad on the occasion of upcoming festivals Tihar, Nepal Sambat, and Chhath

**Principal**
And the entire school family
Jaycees Everest English School
Dhangadhi, Kailalai

# Superstition and Discrimination: Two Big Social Problems



Supriya Phuyal
Class 6
Paragon Public School

The problems that affect society in negative ways are called social problems. In Nepal, there are many social problems existing like discrimination, superstions, violence etc. Social problems can also present conflict among the family members and among the communities. They create bad environment in a family as well as neighbourhood.

One of the big social problems in our society is superstition. Keeping the shoes and sandals upside down brings bad luck, black cats crossing the road also brings bad fortune and stepping in holy or religious things such as a frame of temples, photos of god etc. also brings bad luck, these are some of the superstitions we all are familiar with. If we look at the superstition that we follow carefully, then we find there is no logic behind it. If cats and sandals could predict our fortune, then why would education or working hard be that important? Following things that have no logic or are just idiotic is just a naive thing to do. Once, I heard the news about how people living in a village accused an old woman of being a witch and tortured her horribly. We all have the right to

live with freedom and respect. I believe that everyone should be respected and loved even if they are old or young. Also, taking sick people to Dhami Jhakri instead of a doctor is also a very big superstition still followed in rural areas. Doing so can make the health of the sick person more horrible and could also lead to death.

Another big social problem is discrimination. Dividing people in the group of high caste and low caste is absolutely wrong and has no sense behind it. Low castes are never welcomed in religious places. Is this fair? No, it is not, even the low caste people are human beings and they should be treated fairly and equally. They are also capable of offering their contribution to society. They make the statues that complete the temple, but the ones that help to complete such religious places are never welcomed or treated with respect.

In modern age following such social problems hampers the development of our country. Everyone has equal respect and rights. We should always remember that the rights granted by our nation are not only for us but for everyone. No one should be disrespected or discriminated against. The major causes of these problems are illiteracy and unemployment. For the betterment of our country we should stop any kind of social problem and encourage everyone to perform activities that help in the development of our country. I believe unity and help to each each other will make our country a better place to live.

*अन्तरक्रिया*

## प्रभावकारी शिक्षानीति : आजको आवश्यकता

प्रा.डा.बालचन्द्र लुइँटेल
डिन
स्कुल अभ् एजुकेसन
काठमाडौँ विश्वविद्यालय

*नेपालको पूर्वी जिल्ला इलाममा वि.सं. २०३० सालमा जन्मनु भएका प्रा.डा.बालचन्द्र लुइँटेल शैक्षिक क्षेत्रमा परिचित नाम हो । विद्यालय शिक्षा इलामबाटै पूरा गर्नु भएका उहाँले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्रमा मास्टर्स डिग्री हासिल गर्नु भएको छ भने पोस्ट ग्याजुएट डिप्लोमा र एमएसी डिग्रीसमेत प्राप्त गर्नुका साथै अस्ट्रेलियाको कर्टिन विश्वविद्यालयबाट गणित विषयमा विद्यावारिधि गर्नु भएको छ । हाल उहाँ काठमाडौं विश्वविद्यालयको डिन हुनुहुन्छ । यस अघि सोही विश्वविद्यालयमा एसोसिएट डिन लगायत विभिन्न प्राज्ञिक तथा प्रशासनिक पदमा रहेर सफलतापूर्वक कार्य सम्पादन गरिसक्नु भएका प्रा. लुइँटेल चर्चित शिक्षाविद् हुनुहुन्छ । मोलुङ फाउन्डेसनले प्रकाशन गर्ने मासिक शैक्षिक पत्रिका मोलुङ ज्ञानप्रवाहका लागि सम्पादक इन्दु अंशुले शिक्षाका सम्बन्धमा उहाँसँग गर्नु भएको अन्तरक्रियाको सार संक्षेप*

**इन्दु अंशु :** मोलुङ ज्ञानप्रवाहका लागि मोलुङ फाउन्डेसनका तर्फबाट यहाँलाई स्वागत छ ।

**प्रा. लुइँटेल** : धन्यवाद !

**इन्दु अंशु :** तीव्र गतिमा भूमण्डलीकरण हुँदै गएको अहिलेको विश्व परिस्थितिमा शिक्षा कसरी अघि बढ्दैछ ?

**प्रा.लुइँटेल** : धेरै धेरै धन्यवाद इन्दुजी प्रश्नका लागि । भूमण्डलीकरणलाई विशेषत: हामीले तीन वटा हिसाबले हेर्न सक्छौं । पहिलो कुरा के छ त भने सांस्कृतिक भूमण्डलीकरण पनि हो । सांस्कृतिक भन्नाले-विश्वका अनेक देशका रीतिरिवाज, संस्कृति र

राष्ट्रिय सम्पदाहरूको भूमण्डलीकरण हो । यसमा पनि शक्तिशाली राष्ट्रले विकास उन्मुख या भनौं विकासशील राष्ट्रहरूलाई पछाडि पार्दो रहेछ । यसरी हेर्दा भूमण्डलीकरण भनेको पनि निरपेक्ष ढङ्गले एकदम गजबको कुरा मानेर खुसीयाली बाँड्नु पर्ने जस्तो लाग्दैन । त्यसैले त्यहाँ आलोचनात्मक हिसाबले हेर्नु पर्दा कसको भूमण्डलीकरण भन्ने प्रश्न उठ्छ । त्यस्तै शिक्षामा पनि ठ्याक्कै त्यस्तै प्रश्न जोडिन्छ । कसको शिक्षा ? कस्तो शिक्षा ? कसका लागि फाइदा पुगेको छ ? फाइदा यदि कसैले लिएको छ भने कसले लिएको छ भन्ने प्रश्न उठ्छ । सबैतिर समान छैन । असमानता त्यत्तिकै छ । यस्तो परिप्रेक्ष्यमा नेपालले शिक्षाको क्षेत्रमा गर्नु पर्ने धेरै कामहरू छ । एक त विश्वमा आफ्नो पहिचान बनाउनु छ । जुन कामका लागि शैक्षिक संस्थाहरू सहायक हुन सक्छन् । अर्को छ शक्तिको सम्बन्धलाई पनि सन्तुलित गर्नु पर्ने चुनौती छ । त्यसका लागि शैक्षिक क्षेत्रले एक सहयोगी भूमिका खेल्न सक्छ । शिक्षा एक्लैले केही गर्न सक्दैन । तर केही केही चाँहीं गर्न सक्छ ।

दोस्रो कुरा टेक्नोलोजिमा अब्बल विवेकी युवाहरूलाई भूमण्डलीकरण एउटा अवसर पनि हो । उनीहरूले प्रविधि मार्फत आफ्नो ज्ञान, सिप र क्षमतालाई विश्वसामू प्रदर्शन गरिरहेका छन् । हाम्रो लागि यो प्लस पोइन्ट हो । तर हामो जस्तो मुलुकले त्यस्ता युवाहरूलाई आफ्नै देशमा रोजगारी सिर्जना गरेर राख्न सकेको छैन । उनीहरू अवसर खोज्दै अन्य देशमा पुगेका छन् । यसर्थ उनीहरूलाई आफ्नै देशमा बस्ने वातावरण सिर्जना गर्नु पर्ने हाम्रो देशको काम हो । यसका लागि हामी अगुवाहरूको दायित्व त छँदैछ अझ हामी भन्दा अगुवाहरूको मुख्य दायित्व हो ।

तेस्रो कुरा शिक्षा चाहिँ नवउदारीकरण भन्छौं हामी शिक्षालाई अर्थतन्त्रसँग नजोडि रहनै सकिँदैन । शिक्षा भनेको सम्पदासँग सम्बन्धित हुन्छ । शिक्षा भनेको संस्कृतिसँग सम्बन्धित हुन्छ । शिक्षा भनेको दूर भविष्यसँग सम्बन्धित हुन्छ । अहिले पढेको कुराले सयौं शताब्दीसम्म ज्ञान बाँडिरहेको हुन्छ । शिक्षा मानव

मूल्यसँग सम्बन्धित हुन्छ । यतापट्टिका छलफल अब हराउलान भन्ने भइसक्यो। मानवशास्त्रका, सामाज विज्ञानका कुरा अझै पनि समाजका लागि, देशका लागि, संसारका लागि, पृथ्वीका लागि र समग्र ब्रह्माण्डका लागि आवश्यक हुन्छन् । ती विषयहरू अब हराएर जाने सम्भावना प्रखर रूपले बडेको छ । त्यसका लागि दुइटै छ त्यो समूह जो त्यो विधामा काम गर्छ मानवशास्त्र, समाजशास्त्रका क्षेत्रमा त्यसले अझै सिर्जनात्मक र रचनात्मक हुनु जरुरी छ । त्यसै गरी राज्य, संस्थाहरू, विश्वविद्यालयहरूले यतातिर ध्यान दिनु जरुरी छ । एउटा प्राचीन कुरा स्मरण गर्न चाहे त्यो बेला प्लेटोले स्कुल खोल्दा त्यहाँका शासकहरूले हैन यो स्कुलले त खत्तम गर्छ होला भन्थे रे । तर एउटा समूहले बचाएर लग्यो ज्ञानलाई । अहिले ज्ञानहरू हराउने सम्भावना छ । ज्ञानको जुन इकलोजी हो त्यो हराउने सम्भावना छ ।
त्यसैले भूमण्डलीकरणको बारेमा बोल्दाबोल्दै के चाहिँ भन्छु भने यसले अवसरका साथसाथै हाम्रो जस्तो मुलुकमा चुनौती पनि ल्याएको छ ।

**इन्दु अंशु :** के हाम्रो देशको शिक्षा विश्वव्यापी शिक्षासँग समतुल्य हुन सकेको महसुस गर्नु हुन्छ ?

**प्रा. लुइँटेल :** हाम्रो देशमा दक्ष जनशक्ति अभाव होइन । व्यक्तिगत रूपमा हेर्ने हो देश तथा विदेशमा नेपाली एक व्यक्तिका थुप्रै उदाहरण छन् । त्यसैले हामी नेपाली भन्ने कुराले पछाडि परेका होइनौँ । पछाडि परेका छौँ भने संस्थागत रूपमा चाँहि छौँ । संस्था विकासको प्रक्रियामा हामी कम्जोर छौँ । यहाँ संस्था भन्ने वित्तिकै के के न हो भनेर ठुलै सोच्नु पर्दैन । सामान्य कुरा कक्षाकोठा, विद्यालय, विश्वविद्यालयहरूलाई बलियो बनाउन सक्यौँ भने भइहाल्यो । ज्ञान निर्माणमा सहभागिता बढाऊँ, सिकाइलाई प्रभावकारी बनाउन सिकौँ । हाम्रा स्थानीय ज्ञान, सिप र क्षमतालाई जोड्न सक्यौँ भने पछाडि पर्ने कुरै छैन । हाम्रा संस्थाहरू कमजोर भए । कुनै दिशा निर्देश गर्न सकेनन् । यदि सही

निर्देशन गर्न सके देशमा सयौँ दक्षजनशक्ति उत्पाद गर्न सकिन्छ । त्यसैले संस्था र पद्धति विकासमा धेरै दिन आवश्यक छ ।

इन्दु अंशु : विद्यालय शिक्षा र उच्च शिक्षाको सम्बन्ध के कस्तो हुनु पर्ने हो ? के हाम्रो शिक्षा पद्धतिमा त्यसो हुन सकेको छ ?

**प्रा. लुइँटेल** : अवश्यक पनि विद्यालय शिक्षा र उच्च शिक्षाको सम्बन्ध जोडिएको हुन्छ । जोड्ने भनेको एउटा प्रक्रियाले, चिन्तनले र काम गर्ने तौरतरिकाले हो । एउटा कुरा भने विद्यालय शिक्षा सबैका लागि हुन्छ । उच्च शिक्षा चाहिँ सबैका लागि नहुन सक्छ । विद्यालय शिक्षा आधारभूत सामाजिक कुरा सिकाउँछ भने उच्च शिक्षाले अनुसन्धानका कुरा सिकाउँछ । उच्च शिक्षाले राष्ट्रका लागि आवश्यक जनशक्ति उत्पादन गर्छ । चाहिने डाक्टर, इन्जिनियर, प्रोफेसर विभिन्न क्षेत्र र विद्याका जनशक्तिहरू उत्पादन गर्छ । अध्ययन अनुसन्धानतिर जोड गर्न लगाउछ भने विद्यालय शिक्षाले त्यो पाटोतिर अग्रसर गराउँछ । जस्तो हामी ज्ञान निर्माण भन्छौँ । विद्यालय तहमा पनि ज्ञान निर्माणका केही न केही कामहरू त्यो दृष्टिकोणबाट पाठ्यक्रम बन्नु पर्छ । त्यो दृष्टिकोणबाट विद्यार्थीहरूलाई सहभागी गराउनुपर्छ । विद्यार्थीहरूलाई केवल सुनाउने होइन उनीहरूलाई सहभागी गराउनु पर्छ । त्यसैले विद्यालय शिक्षालाई हामीले सबैका लागि भन्यौं भने उच्च शिक्षा त्यहाँबाट खारिएको व्यक्ति कोही कुनै संकायमा जान्छ कोही कुनै संकायमा जान्छ भने कोही ट्रेड या त भोकेसनल तर्फ जान्छ । कोही इलेक्ट्रिसियन होला कोही पल्मबर बन्ला । हाम्रो अर्को विडम्बना छ । ग्रामीण जनजीवनलाई सहरीकरण भएको छ । त्यसका लागि जनशक्ति आवश्यक हुन्छ । तर त्यही पढ्ने कुरा सर्वसाधरणको पहुँचबाट टाढा हुन्छ । महँगो हुन्छ । दैनिक जीवनका लागि नभइ नहुने कुरा भएपछि सिकारुलाई शिक्षा सुलभ पनि हुनुपर्छ । उच्च शिक्षामा पनि जुन विषयमा जो योग्य छ ऊ मात्र जान सक्ने भयो भने देशले चाहे जस्तो जनशक्ति उत्पादन हुन्छ । हाम्रो विद्यालय शिक्षादेखि उच्च शिक्षासम्मकै शिक्षा सुनाउने शिक्षा भयो गराउने शिक्षा भएन ।

**इन्दु अंशु :** हाम्रो देशको शिक्षा पद्धतिका सबल र दुर्बल पक्षका बारेमा बताइदिनुस् न ।

**प्रा. लुइँटेल :** यसमा दुई तीन वटा कुरा छन् । हामी कण्ठ गर्न एकदमै सक्छौं । हाम्रो शिक्षाको सबल पक्ष सूचना धेरै कण्ठ गर्न सक्ने । अर्को कुरा हामी शिक्षा आर्जन गर्ने कुरामा कुनै कसर छोड्दैनौं । देशको स्थिति जस्तोसुकै खराब भएपनि छोराछोरीलाई पढाउन राम्रा राम्रा स्कुल खोज्ने अभिभावक हुनुहुन्छ । जसरी हुन्छ पढ्नु पर्छ भन्ने प्रतिवद्धता छ हाम्रो देशमा ।

दुर्बल पक्ष हेर्ने हो भने धेरै छन् । केही वर्ष यता हेर्ने हो भने शिक्षा आर्जनमा केही वाधा अवरोध पनि आएका छन् । कोभिडले अझ त्यसलाई बल पुऱ्याएको छ । जस्तो उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको सङ्ख्या घट्दै छ । उच्च शिक्षाप्रतिको मोह भङ्ग हुँदैछ । त्यो भनेको के हो त भने जति धेरै पढ्यो उति धेरै बेरोजगार हुँदै जाने सम्भावना बढ्दै गयो । किनभने ऊसँग मूर्त तथा अमूर्त ज्ञान त हुन्छ तर उसले कही प्रयोग गर्न पाउँदैन । प्रयोग गर्ने सन्दर्भ थाहा पाउँदैन । बरु साधारण दश कक्षा पढ्नेले आफ्नो जीवन सजिलो तरिकाले बिताउला तर उच्च शिक्षा हासिल गरेकाले राज्यमा आफ्नो उपस्थिति कहाली लाग्दो देख्छन् । अहिले आएर भूमण्डलीकरणकै देनले केही पढेलेखेकाहरू कृषितर्फ आकर्षिक भएका छन् । हाम्रो शिक्षाले हामीलाई गाउँ छोडेर सहर पठायो । सहरबाट अझ विदेश पठायो तर यही केही गर्ने सिप क्षमता वृद्धि गर्न अझै सकेको छैन । यो हाम्रो शिक्षा दुर्बल पक्ष हो ।

इन्दु अंशु : समग्र शैक्षिक सुधारका निम्ति के कस्ता शैक्षिक नीति तथा कार्यक्रम हुनु पर्ला जस्तो लाग्छ ?

**प्रा. लुइँटेल** : एउटा कुरा राजनीतिक हिसाबले हाम्रो देश बहुभाषी देश हो । सम्पर्क भाषा नेपाली हो । तर विद्यालयमा अङ्ग्रेजी माध्यमबाट जोडतोडले पढाइरहेका हुन्छौं । पोलिसीमा ठुलो पज पनि छ । अर्को कुरा हाम्रो शैक्षिक अभ्यासमा पनि समस्या छ । जस्तो सार्वजनिक विद्यालयहरूमा अनुसन्धानले के देखाउँछ भने शिक्षक उपस्थिति न्यून छ । उपस्थिति न्यून भनेको के हो त ?

शिक्षकको नियुक्ति चाहिँ हुन्छ तर उपस्थिति भने हुन्न भन्ने हुन्छ । कतिपय विद्यालयहरू सुधारिएका पनि छन् । खासगरी स्थानीय सरकारले काम थालेपछि विद्यालयको स्थितिमा सुधार आएको छ । अर्को कुरा हाम्रो शैक्षिक संस्थामा राजनीतिको ठुलो भूमिका छ । जसले सरकार बनाउँछन्, सरकारमा जान्छन् फेरि सरकार गिराउँछन् त्यो वृत्तको साह्रै ठुलो रोल छ । किनभने अहिलेसम्म सङ्घीय शिक्षा ऐन आउन सकेको छैन । उच्च शिक्षा ऐन आउन सकेको छैन । अहिले चाहिँ व्यवस्थापनकै समस्या देखिन्छ भने अर्कोतिर दैनिक सञ्चालनमा पनि समस्या देखिन्छ । शैक्षिक क्षेत्र बिग्रन थालेको निकै भयो । दण्ड र पुरस्कार अभाव भयो भन्ने चलन पनि छ । ठिक गर्दा हौसला र बेठिक गर्दा सजायको व्यवस्था भएन भन्ने गरेको पनि सुनिन्छ । त्यसैले बेथिति चाहिँ नीति र नीतिलाई अभ्यास गर्ने दुबै ठाउँमा छ । तोकिएको स्कुल समयसम्म स्कुलमा शिक्षक साथीहरू बस्नु पर्‍यो । एक दशक भइसक्यो सङ्घीय ऐन आउन सकेको छैन । शिक्षक व्यवस्थापनमा समस्या छ । विश्वविद्यालय कसरी खुल्ने ? यसको नियमन कसरी हुने भन्ने कुरामा समस्या छ । सरकारले गर्छु भनेर प्रतिबद्धता गरेका काम गर्नु पर्‍यो । यति सुधार गरे स्वतः शैक्षिक क्षेत्र सुध्रिन्छ ।

**इन्दु अंशु :** गुणस्तरीय शिक्षाका बाधक तत्त्वहरू के के हुन् भन्ने ठान्नु हुन्छ ? तिनलाई हटाउन के गर्नु पर्ला ?

**प्रा. लुइँटेल :** हुनत यो मेरो विषय क्षेत्रभन्दा बाहिरको कुरा हो । शिक्षा क्षेत्रको बाधक भनेको राजनीति हो । देश बनाउने शिक्षा, स्वास्थ्य जस्ता सार्वजनिक सेवालाई बुझ्ने र अपनत्व गर्ने राजनीतिज्ञ नभएसम्म बाधा आइरहन्छन् । एउटा मन्त्री आउँछ म यो गर्छु भन्छ फेरि अर्को आउँछ त्यसै भन्छ । उसले गर्न खोजेको कुरा ऊ सँगै जान्छ । यहाँ उनीहरूले कुनै चमत्कार गर्नुपर्ने नै छैन । किनकि शिक्षा आयोगहरू नै धेरै बनिसकेका छन् । सबै शिक्षा आयोगका रिपोर्टलाई हेरेर ल यि कुराहरूलाई लागु गर्नुपर्छ भनेर

गरे भइहाल्छ । अर्को कुरा नेपालको शिक्षामाथि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनुसन्धान भइरहेका छन् । आर्टिकलहरू प्रकाशित भइरहेका छन् । त्यसको अध्ययन गरेर के भन्दा रहेछन् त अनुसन्धाताहरूले भनेर खोजीनीति गर्दा हुन्छ । त्यो खोजीनीति गर्न सक्ने मान्छे शिक्षा मन्त्रालय, शिक्षा व्यवस्थापन गर्ने ठाउँमा हुनुहुन्छ । तर त्यसो हुन सक्दैन । हरेक सरकार आएपछि आयोग बन्छन् । प्रतिवेदनहरू थन्काइएका छन् । त्यसलाई हेर्ने काम भएको छैन । जस्तो प्रदेशहरूमा विश्वविद्यालय कसरी खोल्ने ? स्कुलहरूको नियमन कसरी गर्ने ? निजी स्कुललाई के गर्ने ? सामुदायिकलाई र सरकारीलाई के गर्ने भन्ने सबै कुराहरू आइसकेका छन् । रिपोर्टहरू नै जम्मा गर्ने हो भने २ हजार, ३ हजार पेजका हुन्छन् । त्यहीबाट हेरेर काम गर्दा हुन्छ । त्यसैले शिक्षा क्षेत्रमा बाधा शिक्षा भित्रबाट भन्दा पनि बाहिरबाट हो । राजनीति गर्नेहरूले जुन वाचा गर्छन् त्यसलाई पूरा गर्नुपर्छ ।

**इन्दु अंशु** : गुणस्तरीय शिक्षाको लागि अहिले राज्यको भूमिका पर्याप्त छ ?

**प्रा. लुइँटेल** : अवश्य पनि छैन । किनभने राज्यको भूमिका कस्तो भने शिक्षामा जस्तो विद्यालयमा पनि योग्य हेडमास्टर, योग्य शिक्षकहरू नियुक्त गर्ने, विश्वविद्यालयमा पनि योग्य व्यक्तिहरू प्रशासक, प्राध्यापक, अनुसन्धानकर्ता नियुक्ति गर्ने । सर्त हुनु पर्‍यो निसर्त हुनु भएन । योग्य व्यक्तिले नै महत्त्वपूर्ण हो गुणस्तरीय शिक्षामा । राम्रो व्यक्ति भयो भने पद्धति बनाउँछ, त्यसलाई लागु गर्न लागि पर्छ, उदाहरण कायम गर्छ । गलत उदाहरण प्रस्तुत गर्ने व्यक्ति प्रशासनमा, प्राध्यापन भयो भने कहाँबाट गुणस्तर आउँछ शिक्षामा ? यसमा राज्यले हस्तक्षेप गर्नु हुँदैन । योग्य व्यक्तिलाई काम गर्न नदिएसम्म गुणस्तरीय शिक्षा प्रदान गर्न र प्राप्त गर्नमा चुनौती आइरहन्छन् ।

**इन्दु अंशु** : नेपालको उच्च शिक्षामा शिक्षाशास्त्र सङ्कायको भूमिकाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

**प्रा. लुइँटेल :** यो प्रश्नले मलाई साह्रै अप्ठ्यारोमा पार्नुभयो । शिक्षाशास्त्र संकायले गर्ने काम तीन प्रकारको हुन्छ । एउटा काम नितान्त प्राविधिक हुन्छ । कसरी पढाउने, कसरी सिकाइलाई प्रभावकारी बनाउने भन्ने हुन्छ । तालिममुखी काम । दोस्रो काम नीति नियम बनाउने काम । अर्को कार्य कुशलताको काम । एउटा विद्यार्थीले पढुन्जेल घोकेर पढ्यो । पास भयो । न उसले तालिम पायो न फिल्डमा गएर काम गऱ्यो न त अनुसन्धान नै गऱ्यो । उसले ६ महिना वर्ष दिन स्कुलमा गएर पढाएपछि बल्ल ऊ शिक्षक हुन योग्य छ कि छैन भन्ने हुनुपर्ने हो । हामीले अन्य देशलाई हेर्ने हो भने शिक्षक हुनका लागि कठोर मेहनत गर्नुपर्छ हाम्रो त्यस्तो केही पनि छैन । कोरियामा हेर्ने हो शिक्षक हुन सजिलो छैन । पाँच वर्ष पढ्छ । चार वर्ष ब्याचलर पढ्छ, एक वर्ष तालिममा जान्छ । इन्टर्नसिप गर्छ त्यसपछि टिचर लाइसेन्सका लागि जान्छ । त्यति गर्दा पनि ऊ पास हुन्छ भन्ने ग्यारेन्टी हुँदैन । यस्तो उदाहरण हेर्दा त खै कसरी सन्तुष्ट हुन सकिन्छ र ?

**इन्दु अंशु :** शैक्षिक सुधारका लागि अग्रगामी कदमहरू के के हुनसक्छन् ? छोट्करीमा बताइदिनुस् न ।

**प्रा. लुइँटेल :** अत्यन्त सजिलो छ । विद्यालय र विश्वविद्यालयलाई स्वतन्त्र छोडिदियो भने सुधार हुन्छ । तर त्यहाँ पुग्ने व्यक्ति योग्य हुनु पऱ्यो । त्यसका लागि नियमहरू बनाऊँ । विद्यालयको जिम्मा हेडमास्टरलाई दिऊँ । पाँच वर्षको अवधिमा के के राम्रो गर्न सक्नुहुन्छ । त्यसका आधारमा तपाईंलाई अर्को विद्यालयको जिम्मा दिने भनौं । शिक्षक छान्ने जिम्मा उसैलाई दिऊँ । सेवा सुविधा राम्रो दिऊँ । मात्र राज्यले प्रभावकारी नीति बनाइदिए पुग्छ नकि हस्तक्षेप । शैक्षिक क्षेत्र आफैं उकालो लाग्छ ।

**इन्दु अंशु :** हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो अमूल्य समय प्रदान गर्नुभएकोमा आभारी छौं ।

**प्रा. लुइँटेल :** यहाँलाई पनि धेरै धेरै धन्यवाद !

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौं, नेपाल
फोन नं. ०१ ४६००५९१
Email : molungfoundation@gmail.com
Website : www.molung.org.np